वर्ष १८ | अंक १ | नेपाल संवत् ११३९ | २०७६ असोज १ गते बुधबार | 18, Sept. 2019 | पृष्ठ ८+४४ | मूल्य रु. १०




एउटै पढे पुग्छ

# समाधान

samadhannews.com
राष्ट्रिय दैनिक




प्रकाशकीय

## मीठो चुनौती

'सम्भव लक्ष्य' प्राप्तिका लागि गर्नुपर्ने संघर्ष हो चुनौती, जुन कठिन त हुन्छ तर त्यहाँसम्म पुग्न सकिन्छ । ***समाधान दैनिक*** १८ औं वर्ष प्रवेश गरेको यो सुखद अवसरमा चुनौती थिम मै विशेषांक प्रकाशन गरेका छौं । यो विशेषांक संघीय व्यवस्था कार्यान्वयनको चुनौतीमा केन्द्रित छ । हामीलाई विश्वास छ, यसले अलमलमा परेको संघीय व्यवस्थालाई सही मार्गमा हिँड्न प्रेरित गर्नेछ ।

मुलुकमा चरम द्वन्द्व चलिरहेको बेला, २०५९ असोज १ गते ***समाधान दैनिक***को प्रकाशन आरम्भ भएको हो । त्यो कठिन परिस्थितिमा दैनिक पत्रिका आरम्भ गर्नु चानेचुने चुनौती थिएन । देश समस्यै समस्यामा जकडिएको बेलामा समाधान खोज्ने प्रयास स्वरुप समाधान दैनिक प्रकाशन गरेका थियौं । त्यो दिनदेखि निरन्तर प्रकाशित समाधान विभिन्न आरोह अवरोह पार गर्दै गण्डकी प्रदेशको लिडिङ पत्रिकाका रुपमा स्थापित भएको छ । आज हामी गर्वका साथ भन्न सक्छौं, ***समाधान दैनिक*** गण्डकी प्रदेशका पाठक र विज्ञापनदाताको पहिलो रोजाइको सञ्चार माध्यम बनेको छ । १८ औं वार्षिकोत्सवको अवसरमा प्रदेशको एक नम्बर सञ्चार माध्यम बनाउन सहयोग गर्ने समाधान परिवार, प्रिय पाठक र विज्ञापनदातामा आभार प्रकट गर्दछौं ।

यो उपलब्धिमात्र पर्याप्त छैन । हाम्रा सामु अर्को एउटा चुनौती खडा भएको छ । त्यो हो 'समाधान मल्टिमिडिया' । www.samadhannews.com मार्फत हामी डिजिटल सञ्चार माध्यमको यात्रा प्रारम्भ गरिसकेका छौं । अब युट्युब च्यानलमार्फत श्रव्यदृश्य सामग्री पस्कनु छ । यसलाई समाधान परिवारले 'मीठो चुनौती' का रुपमा स्वीकार गरेको छ । हामीलाई विश्वास छ, यो यात्रामा हाम्रा पाठक, विज्ञापनदाता र शुभचिन्तकहरुले विगतमा जस्तै निरन्तर साथ दिइरहनु हुनेछ । धन्यवाद ॥

**उमानाथ बराल**
अध्यक्ष समाधान मिडिया प्रा.लि.

# संघीय भाले बास्यो भने राम्रो हुँदैन

खानेपानी र बिजुलीमा मात्रै होइन स्वास्थ्यको क्षेत्रमा पनि हामीले आशा देखाउन सकेका छौं । सबै घरमा धारा र बिजुली पुग्छ, सबै जिल्ला अस्पतालमा स्मार्ट हेल्थको अवधारणा साकार हुन्छ



**पृथ्वीसुब्बा गुरुङ**
मुख्यमन्त्री
गण्डकी प्रदेश




प्रदेश सरकार पहिलोपटक निर्माण भयो । प्रदेशको मन्त्रिपरिषदको टिम र यहाँ आएको कर्मचारीको टिम नितान्त अनुभवहीन थियो । प्रदेश कार्यान्वयन गर्ने नेतृत्व र कर्मचारी कसैसँग पनि अनुभव भएन । नयाँ व्यवस्था र अनुभवहीनताको कारणले गर्दाखेरि नदेखिने खालका समस्याहरु बाधाहरु उत्पन्न गरेको छ । संघीयता कार्यान्वयनको एउटा चुनौती यही भयो । तर पनि यो समयक्रममा सुधार हुँदै जाला भन्ने आशा गर्न सकिन्छ ।

निर्वाचन गरेर स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार गठनपूर्व गर्नुपर्ने कामहरु नगरेर हामीचाहिँ धेरै संकटमा परेका छौं । संघीयता आइसकेपछि बन्ने सरकारहरुले काम गर्ने प्रारम्भिक वातावरण यी सरकारहरु बन्नुपूर्वको जुन संक्रमणकालमै बनाइनुपर्थ्यो । कानुनी हिसाबले त्यस्तो वातावरण बनाइनुपर्थ्यो । प्रदेश सरकार सञ्चालन गर्न नभई नहुने कानुन संघीय कानुनअनुसार चाहिन्छ, त्यो पहिल्यै बन्नुपथ्र्यो । पार्टीहरु मिलेर अन्तरिम सरकारकै पालामा कानुनहरु निर्माण गर्नुपर्थ्यो ।

- **अनुभवहीन नेतृत्व र कर्मचारी**
- **प्रदेश सरकार आउनुअघि नै कानुन नबनाइनु**
- **स्रोत साधनको बाँडफाँड नहुनु**
- **जनशक्तिको बाँडफाँड नहुनु**
- **नेताहरुको केन्द्रीकृत मानसिकता**
- **सरकारमा संघीयता नबुझ्नेको जमघट**
- **संघीयता विरोधीहरु**
- **जग्गा प्राप्ति**

दोस्रो कुरा, स्रोत र साधनको जिम्मेवारी यो तीन तहको सरकार नबन्दै बाँडफाँड हुनुपर्थ्यो । अहिले संघ सरकारले स्रोत र साधन बाँडफाँड गर्न खोज्दा ठूलो समस्या पैदा भयो । तेस्रो कुरा जनशक्तिको बाँडफाँडको कुरा हो । कर्मचारी समायोजन ऐन, निजामती सेवा ऐन या प्रदेश प्रहरी ऐन या सिडिओको अधिकार व्यवस्थापन गर्ने ऐनहरुचाहिँ उतिबेलै बनाइसक्नुपर्थ्यो । त्यही अनुसार कर्मचारीको व्यवस्थापन भइसक्नुपर्थ्यो । सामान्यतया: दरबन्दी यति यति हो भनेर दरबन्दीअनुसारका कर्मचारी विभाजन गरेर खटाउनुपर्थ्यो । प्रदेशमा यति जाने, संघमा यति रहने र स्थानीय तहमा यति जाने भनेर भन्दिएको भए सरकारहरु सरर जान्थे ।

चोथौं कुरा, संरचनाहरु । पहिला केन्द्रीय संरचना थियो, क्षेत्रीय संरचना थियो, अञ्चल संरचना थियो, जिल्ला संरचना थियो, इलाका संरचना थियो । तीमध्ये कुन संरचना कुन सरकारको हुने भनेर त्यतिबेलै छिनोफानो हुनुपर्थ्यो । विकास क्षेत्र स्तरीय कार्यालयहरु प्रदेशको हुने, अञ्चलस्तरीय कार्यालय प्रदेशको हुने भन्नुपर्थ्यो । मालपोत स्थानीय तहको, अदालत, नागरिकता दिने प्रशासन कार्यालय संघको भनिदिएको भए यस्तो टन्टो हुँदैनथ्यो । यो नर्दिएको हुनाले चुनौती भयो ।

पाँचौं छ, संघीयता कार्यान्वयन गर्ने पात्रहरुको मानसिकता । व्यवस्था नयाँमा गयो, मानसिकता पुरानो छ । यथास्थितिमा बस्न खोज्ने मानसिकता छ ।

छैटौं चुनौती के रहेछ भने हामी संघीय व्यवस्थामा गइसकेपछि कार्यान्वयन गर्ने मुख्य अंग निजामती सेवा हो । तर तालिम भएन । यो यो काम गर्नुपर्छ भनिएन । सरकार ३ तहको छ, सबै स्वायत्त हुन् भनेर भन्नुपर्थ्यो । सहअस्तित्व स्वीकारेर सहकार्य गर्नुपर्छ भन्नुपर्थ्यो । हाम्रो कर्मचारीको काम गर्ने तौरतरिका र शैली पुरानै छ । संरचना नयाँ छ । व्यवस्था नयाँ छ । आकांक्षा नयाँ छ । आवश्यकता नयाँ छ । कार्यशैली यथास्थितिखालको छ तर नयाँ व्यवस्थाले दिनुपर्ने डेलिभरी नयाँ हुनुपर्ने हुँदा अन्तर द्वन्द्व छ । यसले गर्दा पनि संघीयता कार्यान्वयनमा चुनौती थपिएको छ ।

अर्को चुनौती पार्टीहरु । पार्टीहरुका नीति निर्माण गर्ने तहरुमा छलफल छैन । नेपाल कम्युनिस्ट पार्टी (नेकपा), नेपाली कांग्रेस, राजमो, राजपा, समाजवादी पार्टी नेपाल, मजदुर किसान पार्टी कसैमा पनि संघीयता कसरी कार्यान्वयन गर्ने भनेर छलफल भएको छैन । संविधान कार्यान्वयन गर्ने स्थिति के छ ? संघीयता कार्यान्वयन गर्ने स्थिति के छ ? भनेर छलफल हुँदैन । कांग्रेस पार्टीभित्र रामचन्द्र पौडेल र शेरबहादुर देउवाको भागबन्डा कसरी गर्ने भनेर मात्रै छलफल छ । नेकपाभित्र पनि मेरो गुटको मान्छे मन्त्री हुन पाएन भनेर छलफल छ । प्रचण्डलाई पार्टीको कार्यकारी अध्यक्ष दिनुपर्‍यो केपी ओलीलाई भन्ने एकथरी छन् ।

**बाँकी पृष्ठ २**



## हार्दिक शुभकामना

विगत १७ वर्षदेखि यस क्षेत्रको पत्रकारिताको "सतिसाल" को रुपमा स्थापित समाधान राष्ट्रिय दैनिक १८ औं वर्ष प्रवेशको पावन अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं । देश, जनता र समृद्धिको पक्षमा कलम चलाउने अभियान अरु सयौं वर्षसम्म निरन्तर चलिरहोस् भन्ने कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मिना गुरुङ
अध्यक्ष एवं
हङकङ ब्यूटि इन्स्टिच्युट कलेज
महेन्द्रपुल, पोखरा, फोन नं.: ०६१-५३०५४५

माया गुरुङ
प्रबन्ध निर्देशक एवं
क्लारा इन्टरनेशनल स्पा एण्ड ब्युटी कलेज
महेन्द्रपुल, पोखरा, फोन नं.: ०६१-५३०५४५



## हार्दिक शुभकामना

विगत १७ वर्षदेखि यस क्षेत्रको पत्रकारिताको "सतिसाल" को रुपमा स्थापित समाधान राष्ट्रिय दैनिक १८ औं वर्ष प्रवेशको पावन अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं । देश, जनता र समृद्धिको पक्षमा कलम चलाउने अभियान अरु सयौं वर्षसम्म निरन्तर चलिरहोस् भन्ने कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Sitaz Lifestyle
Sitabhawan, Mahendrapool,
Pokhara-9, Nepal
061-527900, 530300
info@sitazlifestyle.com.np



## हार्दिक समवेदना



जन्म मितिः वि.सं. १९९०/३/२५

स्वर्गारोहण मितिः वि.सं. २०७६/५/२०

**स्व. बालकृष्ण गौतम**

यस **गौतम भातृ समाज केन्द्रीय समिति**का आजीवन सदस्य केशवराज गौतम र बसन्तराज गौतमका पिता, गौतम समाजका आजीवन सदस्य **बालकृष्ण गौतम**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा सम्पूर्ण गौतम परिवारजन तथा ईष्टमित्रहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

शिव गौतम
अध्यक्ष तथा
**गौतम भातृ समाज केन्द्रीय समिति, पोखरा-१९, लामाचौर**



## सम्पूर्ण दूध/दुग्ध व्यवसायीहरूलाई जरुरी सूचना !

नेपाल सरकारले जारी गरेको **"दूध तथा दुग्ध पदार्थको स्वच्छता एवं गुणस्तर निर्देशिका, २०७५"** सम्पूर्ण दूध तथा दुग्ध व्यवसायीहरुले अनुज्ञापत्र लिएर तोकिएको गुणस्तर अनुरुपको प्रशोधित दूध वा दुग्ध पदार्थको प्याकेटमा लेबल लगाएर मात्र बिक्रि बितरण गर्न गराउन जानकारी गराइन्छ । यस निर्देशिका बिपरितका कार्य गर्ने गराउनेलाई खाद्य ऐन २०२३ अनुसार कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

नेपाल सरकार
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय**
**पोखरा**
सम्पर्क नं. ०६१-५५०४२४


# संघीय भाले नबासोस्



प्रधानमन्त्रीलाई काम गर्न दिनपर्‍यो नि भन्ने अर्काथरी छन् । यस्तो छ हालत : । संघीयता कसरी कार्यान्वयन गर्ने भन्नेतिर ध्यानै छैन । मुलुकमा गणतन्त्रमाथि, संघीयतामाथि जुनखालको षडयन्त्र हुन थालेको छ, त्यसबारे पार्टीहरु बेखबर छ । यो पार्टीभित्रको वैचारिक चुनौती हो । पार्टीहरुले संविधान बनायो, तर कार्यान्वयनमा बेवारिस छोडेको छ । जे जे कानुनी अप्ठेरो छ, त्यो त्यो कानुन बनाउन सबै पार्टीहरु लाग्नुपर्ने होइन ? सरकारको नीति र कार्यक्रम पो पार्टीपिच्छे फरक होला, तर संविधान कार्यान्वयनमा सबै लाग्नुपर्ने हो ।

अर्को चुनौती भनेको संघीयता बुझ्ने नै कम छन् नेपालमा । धेरैले संघीयता पढेकै छैनन् । अध्ययन गरेका मान्छे बाहिर छन् । अनभिज्ञहरु, चासो नभएका, रुचि नभएकाहरुको जमघट छ । मन्त्रालय, मन्त्रालयले संघीयता कार्यान्वयनमा बाधा दिइरहेका छन् । कुनै चिज तल हस्तान्तरण गरेका छैनन् । कतिपयले दिइसकेको अधिकार फेरि माथि लान खोजेका छन् । पुरानै ढंगले चल्न खोजेका छन् । तल पनि सरकार छ । उनीहरु स्वायत्त छन्, तिनीहरुले पनि काम गर्न सक्छन् भन्ने ठान्दै नठान्नेहरु छन् ।

यस्तो वेला वैचारिक प्रतिक्रान्तिको खतरा हुन्छ । १५ महिना भाछैन, संघीयता असफल भयो भनेका छन् । खै के डेलिभरी दिएन भनेका छन् । १५ महिना भनेको मूल्यांकन गर्ने अवधि नै होइन । यो परिवर्तन मन नपराउने शक्तिहरुले संघीयता असफल भयो भनेका छन् । यो परिवर्तनका विरोधीहरु पनि चुनौती हो ।

आव २०७५/७६ को समीक्षा गर्दा हामीले कतिपय योजनाको १ प्रतिशत पनि काम हुन सकेन । जस्तो आधुनिक विशेषज्ञ अस्पताल बनाउने भनेका थियौं । त्यसको केही सुरु भएन । किन काम हुन सकेन भन्दा संघ सरकारले अहिलेसम्म हामीलाई जग्गा उपलब्धै गराउँदैन । पश्चिमाञ्चल क्षेत्रीय अस्पताल देऊ न त भन्दा दिँदैन । बहुसांस्कृतिक ग्राम बनाउने भनेर पाउँदुरकोटको जमिन सिफारिस गरेर पठायौं, माथिबाट अहिलेसम्म ल तेरो भयो भनेर भनेको छैन । पोखरा २६ मा प्रदेश आयुर्वेदिक अस्पताल बनाउने भनेर भन्यौं, ४० रोपनी जमिन सिफारिस गरेर पठायौं तर अहिलेसम्म दिएको छैन । जग्गा प्राप्ति सबैभन्दा ठूलो चुनौती भयो । पछिल्लो समय केही नेपाल ऐन संशोधन गरेर सबै जग्गा सम्बन्धी अधिकार नेपाल सरकारले आफूमा केन्द्रित गर्‍यो । जग्गा प्राप्तिको जुन अवरोध छ, यो विकास निर्माणका लागि सबैभन्दा ठूलो चुनौती भएको छ । नयाँ स्टेडियम बनाऊ भन्यौं, नयाँ विश्वविद्यालय बनाऊँ भन्यौं, जग्गै पाछैन । मुख्यमन्त्रीकै कार्यालय भएको संरचना र जग्गासमेत हामीलाई हस्तान्तरण भएर आएको छैन । मुख्यमन्त्री र मन्त्रीका कार्यालयहरु, प्रदेश सभा भवन बनाउने भनेर २०७४ मै जग्गा सिफारिस गरेर पठाएको स्वीकृत भएर अहिलेसम्म आउँदैन । कुन ठाउँमा पुगेर घुनपुत्ला लागिरहेको छ, थाहा छैन ।

> **पछिल्लो समय केही नेपाल ऐन संशोधन गरेर सबै जग्गा सम्बन्धी अधिकार नेपाल सरकारले आफूमा केन्द्रित गर्‍यो । जग्गा प्राप्तिको जुन अवरोध छ, यो विकास निर्माणका लागि सबैभन्दा ठूलो चुनौती भएको छ ।**

वातावरण प्रभाव मूल्यांकन गर्ने पद्धति जुन छ, अहिलेसम्म पनि त्यो संघीय सरकारले लिइरहेको छ । जब कि राष्ट्रिय वन जति प्रदेश सरकारको भनेको छ, इआइएचाहिँ संघ सरकारले लिएको छ । हामीले पिच गर्ने भनेको ३६ वटा सडकमध्येमा कतिपयमा जहाँजहाँ वन पर्छ, त्यो काम रोकिएको छ । बाटोको काम पनि इआइएले रोकिने भयो । भवनको काम पनि इआइएले रोकिने भयो । अधिकार केन्द्रीकृत गर्ने नेपाल सरकारको जुन मनोवृत्ति छ नि त्यो ठूलो चुनौती छ । अब जग्गा प्राप्ति भएन भनेर बस्दाबस्दा सिंहदरबारतिर हेर्दा हेर्दा आँखा टट्टाइसकेको छ । जग्गा प्राप्तिको अधिकार भएको भए धेरै काम गर्न सकिन्थ्यो । संघीयता आएपछि उत्पादन बढ्यो, व्यापार बढ्यो, रोजगारी बढ्यो, गरिबी घट्यो भन्ने बनाउन सकिन्थ्यो । विकास निर्माणको काम धमाधम हुन थाल्यो भन्ने हुन्थ्यो ।

स्थानीय तहले अहिलेसम्म कानुन तर्जुमा गर्दा विधि प्रक्रिया मिचेका छन् । प्रदेशका योजना र संघका योजना हेरेका छैनन् । जुन दिशातिर प्रदेश र संघका योजना फर्किएका छन्, त्यतै स्थानीय तह फर्किनुपर्छ । अन्धाधुन्द खर्च गरेरमात्रै हुँदैन । ऐन कानुनको वास्ता गर्नुपर्छ । राजस्व वृद्धि गर्न दायरा बढाउनुपर्छ । आर्थिक अनियमितताको कुरा आइरहेको छ । यो पनि संघीयता कार्यान्वयनको अर्को चुनौती छ । तर संघीय प्रणालीमा जनप्रतिनिधि जनताको नजिक हुन्छ र त्यसको मूल्यांकन जनताले गरिहाल्छ ।

...

चुनौतीका बाबजुद पनि प्रदेश सरकारले धेरै काम गरेको छ । प्रदेश सरकारले सडक निर्माण नगरेका जिल्ला छैनन् । प्रदेश राजधानी पोखराबाट स्थानीय तहको केन्द्रसम्म सडक पुर्‍याउन हामी लागिराखेका छौं । पुलहरु बनाइरहेका छौं । पुल नभएर अब कुनै खोलाखोल्सीकै कारण बाटो बन्द हुने दिन ५ वर्षभित्र अन्त्य हुन्छ । यही पोखरा र आसपासमै ६ वटा पुल बनाइरहेका छौं । फुस्रेखोलामा पुल बनाउन बहुदल आएपछि कति धाइयो कति धाइयो तर केही भएन भन्ने साथीहरु हामीले पुल बनाइदिएपछि खुसी हुनुहुन्छ ।

प्रधानमन्त्री कृषि कार्यक्रम भनेको ठूलाठूला पहुँचवालाले पैसा खाने कार्यक्रम बन्यो । मुख्यमन्त्री नमुना कृषि फार्म अहिले ३६ वटा ठाउँमा हामीले सुरु गर्‍यौं, जनताहरु खुसी छन् । नयाँ नयाँ प्रविधि ल्यायौं, जलवायु परिवर्तन अनुकूलन हुने गरी कार्यक्रम अगाडि बढायौं । ७/८ सय कृषि फार्मलाई अनुदान दिएर किसानहरुलाई आशा देखायौं । २७४ वटा होमस्टेलाई सहयोग गरेका छौं । प्रदेश सरकार भएर नै होमस्टे ल्यायो । होमस्टेले केही न केही रोजगारी सिर्जना गरेको छ । गरिबी निवारणमा योगदान गरेको छ । ठुल्ठूला पूर्वाधारको काम गर्न जग्गाको कारणले सकिएन । त्यो पाएको भए त केही भएको अवश्य देखिन्थ्यो ।

खानेपानीको धारा घरघरमा पुर्‍याउने अभियान चलाएको छौं । सबै घरमा बिजुली बत्ती पुर्‍याउने अभियान चलाएका छौं । यो प्रदेश सरकारले नै गर्‍यो । यो वर्षभित्र प्रदेशका सबै घरमा बिजुली पुग्छ । राष्ट्रिय प्रसारण लाइन नपुग्ने ठाउँमा सोलार बत्ती जोड्न बजेट छुट्याएर काम भइरहेको छ । गण्डकी प्रदेशको कुनै एउटा घर हुने छैन, जहाँ टुकी बाल्न परोस् । गण्डकी प्रदेश उज्यालो प्रदेश हुन्छ । खानेपानी नपुगेको कोही हुनुहुन्छ भने प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमा सम्पर्क गर्नोस् भनेका छौं । खानेपानी र बिजुलीमा मात्रै होइन स्वास्थ्यको क्षेत्रमा पनि हामीले आशा देखाउन सकेका छौं ।

सबै जिल्ला अस्पताल हामीलाई हस्तान्तरण भएको छ । पूरापूर सेवा दिने जिल्ला अस्पताल कस्तो हुन्छ भने ५ वर्षभित्र देखाउने भनेर लागिरहेका छौं । जहाँ औषधिको अभाव हुनेछैन । जनशक्तिको अभाव हुनेछैन । उपकरणको अभाव हुनेछैन । संरचनाको अभाव हुनेछैन । पश्चिमाञ्चल क्षेत्रीय अस्पताल हामीलाई हस्तान्तरण हुँदैछ । यो वर्षभित्र देखिने गरी अनुभूति हुने गरी परिवर्तन गर्छौं । जनताहरु लाइन लागेर दुख पाउने स्थिति अन्त्य गर्छौं ।

मुटु, मिर्गौला, नसा, क्यान्सर, कलेजो रोगको उपचारका लागि भौतारिँदै काठमाडौं जानुपर्ने स्थितिको अन्त्य हामी गर्छौं । मिर्गौलाको डायलोसिस गर्ने उपकरण थप्छौं । मुटुको उपचार गर्ने व्यवस्था मिलाउँछौं । क्यान्सरको उपचारको व्यवस्था मिलाउँछौं । मूलतः विशेषज्ञ अस्पतालको रुपमा विकास गर्छौं । पूर्वाधार निर्माण गर्ने र थप सडक निर्माण गर्ने भनेर प्लानिङ ल्याएका छौं । पोखराको चक्रपथको कुरा होस् या यहाँका तालहरुलाई मोनोरेलले जोड्ने कुरा होस् । यिनमा विदेशीहरुसँग पनि कुरा गरेका छौं । गण्डकी टेक्निकल इन्स्टिच्युट यो वर्ष सुरु गर्छौं । गण्डकी विश्वविद्यालयका लागि युरोपका धेरै देशमा जियु सपोर्ट ग्रुप बनेका छन् । अमेरिकाका ७/८ विश्वविद्यालयसँग कुरा गरेका छौं । हामीले भौतिक पूर्वाधार बनाइदेऊ भनेका छैनौं । विषयवस्तुका बारेमा कुरा भएको छ विदेशीसँग । डिपार्टमेन्ट खोल्न सहयोग गर्ने, उपकरणका लागि सहयोग गर्ने, पाठ्यक्रम बनाउन सहयोग गर्ने कुरा छ । संघ सरकारले कति सपोर्ट गर्छ ? गोअहेड भन्यो भने काम सुरु गरिहाल्छौं ।

प्रदेश प्रहरी संगठन हामी मातहत आयो भने सुशासन र शान्ति सुरक्षाका हिसाबले प्रदेशलाई चुस्त दुरुस्त बनाउन हाम्रो ध्यान जान्छ । प्रदेश प्रहरी तालिम केन्द्र यहीं हुन्छ । एसएसपीसम्मको सबै भर्ना र सरुवा बढुवा यहीं हुन्छ । प्रहरी प्रमुख माथिबाट आउँछ । प्रहरी प्रशासन हाम्रो कमाण्डमा आयो भने शान्ति सुरक्षा चुस्त बनाउँछौं । दुर्घटनामा पर्‍यो ल अस्पताल भर्ना गर्नुपर्‍यो भने पनि प्रदेश सरकारलाई जनताले गुहारेका छन् । हामीले त्यहाँ पनि ध्यान पुर्‍याएका छौं । सुत्केरीलाई हेलिकोप्टरबाट उद्धार गर्ने हाम्रो कार्यक्रमै छ ।

अन्त्यमा फेरि पनि ३ वटै सरकारको सहकार्य, सहअस्तित्वबाटै संघीयता कार्यान्वयन गर्नुपर्छ । कानुन तर्जुमा गर्दा ३ वटै सरकारको अस्तित्व स्वीकारिनुपर्छ । फेरि पनि संघीय भाले बास्यो भने राम्रो हुँदैन । एकले अर्कोलाई सहयोग गर्ने गरी अगाडि बढ्नुपर्छ । (कुराकानीमा आधारित)


## हार्दिक समवेदना



जन्मः वि.सं. २०२६/०५/०७

स्वर्गारोहणः वि.सं. २०७६/०५ /१९

**स्व. रमा देवी पण्डीत सुवेदी**

यस सहकारी संस्था लि.का शेयर सदस्य **रमा देवी पण्डीत सुवेदी**को ५० वर्षको उमेरमा मिति २०७६/०५/१९ गते असमायिक स्वर्गारोहण भएकोमा सहकारी संस्था परिवार अत्यन्त मर्माहत भएका छौं । यस दुःखद घडीमा स्वर्गिय आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

महेश्वर पराजुली
अध्यक्ष एवं
**धर्मस्थली बचत तथा ऋण सहकारी संस्था लि.परिवार**
पोखरा-५, कास्की



## नि:शुल्क पायल्स परीक्षण

यही **असोज ४ गते शनिबार** काठमाडौंका MD डाक्टरबाट परीक्षण बिहान ०८:०० बजेबाट ०५:०० बजेसम्म मात्र र अन्य सम्पूर्ण रोगहरूको पनि नि:शुल्क उपचार ।

**लक्षणहरू** **पायल्स, दिसा गर्न गाह्रो हुने एवं दुख्ने, रगत आउने, मासुको डल्ला बाहिर निस्कने, गुदद्वार वरिपरि गिर्खा देखिने, पोल्ने, पिप बग्ने आदि ।**

**अन्य रोगहरू - नशा**: साईटिका, हातखुट्टा पोल्ने, झमझमाउने, निदाउने, नशा च्यापिएको, प्यारालाईसिस, मुख बाङ्गो हुने, र्‍याल चुहिरहने, शरिरको कुनै एकहर नचल्ने वा हर नचल्ने, खान वा बोल्न अप्ठ्यारो हुने दिसा, पिसाब रोक्न, नसक्ने शरिर सुन्निने । **बाथ, हाडजोर्नी**: जोर्नी, घुँडा दुख्ने, सुन्निने, युरिक एसिड बढ्ने, हिँड्न गाह्रो हुने, हड्डी खिइएको, शरिर कमजोर हुने, हातखुट्टा लुलो हुने, नचल्ने, चलाउन गाह्रो हुने, सुस्त मनस्थिति भएका हिँड्डुल गर्न नसक्ने बच्चा, सड्केको वा मर्केको अप्रेसनपछि ढाड, हातखुट्टाको जोर्नीहरु नचल्ने, दुख्नेको सफल उपचार ।

फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ । सम्पर्क : ०६१-५२७५८३, ५३५७३२, ९८१६६४४३३३

आयोजकः
लायन्स क्लब अफ पोखरा भैरव, लायन्स क्लब अफ पोखरा सप्तगण्डकी
लायन्स क्लब अफ पोखरा गण्डकी दोभान

स्थानः
**सपना आयुर्वेद भवन प्रा.लि.**
को प्राङ्गण, महेन्द्रपुल-९ बास्तोलाथर, पोखरा
(बास्तोलाथर मेडिकल लाइन पछाडि ओम हस्पिटलको ठिक अगाडि)
फोन नं. ०६१-५२७५८३, ५३५७३२, ९८५६०२७५८३



## वर्गीकृत विज्ञापन डिस्प्ले

### १५ कर्मचारी आवश्यकता
नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाको लागि कर्मचारी आवश्यकता
आवश्यक संख्याः १५ जना महिला/पुरुष
योग्यता साधारण, Test, SLC, +2 Above
तलव : १४,५००
सम्पर्क : **गुडमर्निङ इन्टरनेशनल**
बुद्धचोक -१० पोखरा
(सिद्धार्थबैंकको लेस्रो तल्ला)
फोन नं.: 9806534311, 9846317889

### CG लाई ८ कर्मचारी
साधारण, SLC, +2 above
लेडिज- ५ जना, जेन्स-३ जना
समय : ११ देखि ५ बजेसम्म
ल.तलब : १३५००-२२,०० सम्म
+ दशै बोनस, (सृजनाचोक)
सम्पर्क :
9856021715, 9816159710
9821332119, 9806545801
नोट : 100% Job (३ जना गृहिणीलाई अवसर)

### अफिसको लागि
संख्या : ७ जना ले/जे
योग्यता : Test, SEE, +2above
तलब : १४५००-१९५०० सम्म
समय : ११ देखि ५ बजेसम्म
सम्पर्क :
9806544029
9816118765
नोट : केही साधारण लेखपढलाई पनि अवसर

### आवश्यकता
सिद्धार्थचोकमा **अगरबत्ति** बनाउन पढे-नपढेका थप नयाँ **लेडिज, गृहिणी, महिला** कर्मचारीहरूको आवश्यकता
-१००% कामको ग्यारेन्टी
- आफ्नै घरमा सामग्री लगेर फुर्सदको समयमा काम गर्न सकिने
- काम दक्षताको क्षमताको आधारमा मासिक ६/७ हजार भन्दा बढी कमाउन सकिने
9846708109, 9804102860
सिद्धार्थचोक पोखरा
साथमा निशुल्क गुडिया तालिम दिइन्छ ।

### खाजा घर/किराना पसल बिक्रीमा
पोखरा ७ जिएमसि कलेज अगाडि रहेको चालु अवस्थाको खाजा घर बिक्रीमा
सम्पर्क :
9806622326, 9842265404
पोखरा ७ माछापुच्छ्रे टोलमा रहेको चालु अवस्थाको किराना पसल बिक्रीमा छ ।
सम्पर्क :
9841968304, 9827158555

### फेन्सी पसल बिक्रीमा
पोखरा - ८ सृजनाचोकमा रहेको अत्यन्त चालु अवस्थाको (डबल सटर भएको) फेन्सी पसल विशेष कारणवस तु बिक्रीमा छ ।
सम्पर्क :
9817189110, 9856015521

### किराना पसल बिक्रीमा
पोखरा - ७ रत्नचोकमा रहेको अत्यन्त चालु अवस्थाको किराना पसल विशेष कारणवस तु बिक्रीमा छ ।
सम्पर्क : 9827187704, 9869646900

### डेकोरेशन बिक्रीमा
पोखरा - ८ चिप्लेढुङ्गामा रहेको फेन्सी पसलको डेकोरेशन बिक्रीमा छ ।
मूल्य डेढलाख मात्र
एड्भान्स ३ लाख मात्र
सम्पर्क : 9846113013

### पसल बिक्रीमा
पोखराको सबैभन्दा व्यस्त बजार पृथ्वीचोकको पोखरा सस्तो बजार भित्र रहेको अत्यन्त चालु अवस्थाको फेन्सी पसल विशेष कारणवस तु बिक्रीमा
मूल्य : आपसी समझदारीमा
सम्पर्क :
9825121290

### रेष्टुरेन्ट बिक्रीमा
अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणबस तु-बिक्रीमा छ ।
मूल्यः ९ लाख ५० हजार मात्र ।
सम्पर्क : लेकसाइड, पोखरा
98028-25576
98677-99882

### फेन्सी पसल बिक्रीमा
अत्यन्तै चालु अवस्थामा रहेको योबित एण्ड यूनिक फेन्सी पसल बिक्रीमा छ ।
सम्पर्क
9816619232
ट्याक्सी चोक, बगर
(माछापुच्छ्रे बैंक नजिकै)

### फ्ल्याट भाडामा
पोखरा-५, प्रस्याङ अन्नपूर्ण लायन्स क्लब (चिल्ड्रेन पार्क) को ठिक अगाडि शान्त वातावरणमा अवस्थित एक आकर्षक फ्ल्याट भाडामा छ । (२ वेडरुम, १/१ किचन डाइनिङ, १ वैठक रुम)
सम्पर्कः
९८४६०३०१३२, ९८०४१४२१९९

### Study in Korea
पढाई सँगै काम गर्न सकिने मासिक - १५०,००० देखि २,००,००० सम्म कमाउन सकिने
Contact
Welfare Korean Edu Training Consultancy Pvt Ltd
Chipledhunga, Pokhara
061-521561, 696904, 9860007195

### फोटो तथा गिफ्ट सप बिक्रीमा
पोखरा - १७ बिरौटामा अत्यन्त चालु अवस्थामा रहेको फोटो तथा गिफ्ट सप कार्य ब्यस्तताको कारण बिक्रीमा
सम्पर्क :
9849200142, 9824103995

### जग्गा बिक्रीमा
अन्नपूर्ण केवलकार सेदीबगर स्टेशनको तल्लो गेटको ठिक अगाडि रहेको २४ आना पूर्व फर्किएको होटल प्रयोजनको लागि अति उपयुक्त आकर्षक जग्गा बिक्रीमा छ ।
मूल्यः आपसी समझदारीमा
सम्पर्कः ९८४६०२०३८५, ९८०४१४२१९९

### पायल्स
फिस्टुला, फिसर उपचार केन्द्र
न्यूलाईफ आयुर्वेद प्रा.लि.
पृथ्वीचोक, पोखरा
फोन नं.: 061-541050, 9856082394, 9864532165

# वडाध्यक्षसहित ३ पक्राउ

पोखरा, ३१ भदौ (समाधान) - कास्कीको माछापुच्छ्रे गाउँपालिका कार्यालय तोडफोड गर्ने २ जनालाई कास्की प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा माछापुच्छ्रे गाउँपालिकाका वडा नं. १ का अध्यक्ष वीरेन्द्र गुरुङ र स्थानीय विपुल शर्मा रहेको जिल्ला प्रहरी कार्यालय कास्कीमा प्रवक्ता डिएसपी राजकुमार केसीले जानकारी दिए । माछापुच्छ्रे गाउँपालिकाको कार्यालयमा गत शुक्रबार बिहान तोडफोड भएको थियो । पक्राउ परेकालाई सार्वजनिक हित विपरीत काम गरेको आरोपमा मंगलबार म्याद थप गरिएको छ ।

तोडफोडबाट गाउँपालिका कार्यालयका प्लास्टिक कुर्सी र टेबल भाँचिएका छन् । कांग्रेस कार्यकर्ता खुसीमान गुरुङको नेतृत्वमा गएको टोलीले गाउँपालिकाले सूचना नदिएको भन्दै तोडफोड गरेको बताइएको छ । 'हामीले गाउँपालिकाले गरेको निर्णय तथा योजना जान्न पाउनुपर्छ,' तोडफोड गर्ने समूहका १ ले भने, 'हामीलाई सूचना दिन ढिला गरियो ।' शुक्रबार खुसीमानले नेतृत्व गरेको १ टोली गाउँपालिका कार्यालय पुगेको थियो ।

गाउँपालिका कार्यवाहक अध्यक्ष कृष्णकुमारी पौडेलले सूचना दिने विषयमा नभई अन्य निहुँमै कार्यालयमा तोडफोड भएको बताइन् । 'सूचना माग्न २/४ जना आउँछन्,' पौडेलले भनिन्, '५०/६० जनाको समूहमा अराजक भएर नराम्रो नियतले नै आएकोजस्तो लाग्छ ।'

यसैबीच कास्की कांग्रेसका कार्यवाहक सभापति आइबहादुर गुरुङले मंगलबार विज्ञप्ति जारी गरी निशर्त रिहाई माग गरेका छन् ।

विज्ञप्तिमा गाउँपालिकामा भएका आर्थिक अनियमितता, लाखौं लाख बेरुजु र विकास निर्माणमा भएको ढिलासुस्ती जस्ता जनताका सरोकारका विषयलाई हल्का रुपमा लिएर २ तिहाइको दम्भले उल्टै जनप्रतिनिधिलाई पक्राउ गरी संवाद सहमतिको बाटो अवरुद्ध गर्ने प्रयास गरेको आरोप लगाउँदै आपत्ति प्रकट गरिएको छ ।

# बजेट दुरुपयोग भएको गुनासो

**समाधान संवाददाता**
स्याङ्जा, ३१ भदौ

अर्जुनचौपारी गाउँपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाईमा बजेट सदुपयोग नभएको गुनासो आएको छ । आर्थिक वर्ष २०७५/७६ को वार्षिक सार्वजनिक सुनुवाइमा सहभागीले यस्तो गुनासो गरेका हुन् ।

अर्जुनचौपारी गाउँपालिका ३ का खडानन्द पौडेलले गाउँपालिकाको बजेट सदुपयोग हुन नसकेको गुनासो गरे ।

साबिक रापाकोट गाविसका अध्यक्ष पौडेलले बजेटमा अध्यक्ष र उपाध्यक्षले मनपरी गरेको आरोप लगाए । गाउँपालिका योजना समिति सदस्यसमेत रहेका पौडेलले बजेट विनियोजनका समयमा योजना समितिसँग समन्वय नै हुन नसकेको बताए । आफैंले बनाएका योजना, कर, सार्वजनिक जग्गा खोजबिन समितिसँग नै समन्वय नगरी काम अगाडि बढेको उनको भनाइ थियो ।

उनले गाउँपालिकाले निर्माण गरेका समितिको औचित्य भए काम लगाउन र नभए खारेज गर्न सुझाए ।

कार्यक्रममा मोहनबहादुर अधिकारीले योजना दीर्घकालीन नभएको भन्दै योजना पूरा हुने गरी बजेट विनियोजन गर्न आग्रह गरे । उनले कृषि क्षेत्रको बजेट बिना योजना वितरण गरिएको भन्दै वास्तविक किसान मारमा परेको बताए । उनले किसानलाई बिउबिजनभन्दा काममा सफल हुने गरी सहयोग गर्न आग्रह गरे ।



**जनताको चाहना विपरीत जग्गा खरिद गरी गाउँपालिका कार्यालय सार्न खोजे मूल्य चुकाउनुपर्ने चेतावनी**

समाजसेवी नेत्रबहादुर थापाले जग्गा दिँदा दिँदै अध्यक्ष र उपाध्यक्षले पायक नपर्ने ठाउँमा गाउँपालिका कार्यालय बनाउन खोजेको आरोप लगाए । ठूलो दुख गरेर गाउँपालिका बनेको बताउँदै थापाले पुतलीबजार र भीरकोटको सिमानामा गाउँपालिका कार्यालय बनाउन खोज्नुमा अनुचित स्वार्थ लुकेको बताए ।

१२ रोपनी जग्गा निशुल्क दिँदा दिँदै जनताको चाहना विपरीत जग्गा खरिद गरी गाउँपालिका कार्यालय सार्न खोजे मूल्य चुकाउनुपर्ने चेतावनी दिए ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष दीर्घनारायण अर्यालले सुरुका वर्षमा केही परिवर्तन महसुस नभए पनि अबको २ वर्षमा गाउँपालिकालाई नमुना बनाइने दाबी गरे । उनले कृषि र पर्यटनबाटै गाउँको विकास हुने भन्दै कृषिको आधुनिकीकरणमा गाउँपालिका लागिपरेको सुनाए ।

उपप्रमुख चिनमाया गुरुङले अब गाउँपालिका नै वडास्तरमा पुगेर योजना निर्माण गर्ने र सोही अनुसार बजेट विनियोजन गर्ने बताए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पुरण गुरुङ र लेखा प्रमुख प्रेमनारायण अर्यालले कार्यक्रमको उद्देश्यबारे प्रकाश पारे । कार्यक्रममा पत्रकार रमेश गोदारले सहजीकरण गरेका थिए ।

# कोइरालालाई आर्थिक पत्रकारिता पुरस्कार



पोखरा, ३१ भदौ (समाधान) - पोखरा उद्योग वाणिज्य संघले समाधान दैनिकका कार्यकारी सम्पादक भरत कोइरालालाई पोखरा उद्योग वाणिज्य संघ (पिसिसिआई) आर्थिक पत्रकारिता पुरस्कार २०७६ बाट सम्मान गर्ने भएको छ ।

संघका पूर्व अध्यक्ष कृष्णमोहन श्रेष्ठ संयोजक रहेको प्रतिभा चयन उपसमितिले कोइरालालाई पुरस्कृत गर्ने निर्णय गरेको हो । समिति सदस्यमा संघका पूर्व उपाध्यक्ष ईश्वर कर्माचार्य, पूर्व कोषाध्यक्ष दिलीपराज श्रेष्ठ, नेपाल पत्रकार महासंघ कास्की शाखाका सल्लाहकार रमेश पौडेल र पोउवा संघका कार्यसमिति सदस्य हरिराज पन्त थिए ।

संघले आफ्नो ६५ औं अधिवेशनको अवसरमा असोज ४ गते पुरस्कार अर्पण गर्ने संघका महासचिव अर्जुन पोखरेलले जानकारी दिए । हरेक २ वर्षमा प्रदान गरिने उक्त पुरस्कारको राशि नगद ३५ हजारसहित सम्मानपत्र छ । कोइरालाले पत्रकारिताको माध्यमबाट समग्र पोखराको आर्थिक विकासमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई पुरस्कार प्रदान गर्ने निर्णय गरिएको हो ।

# उत्थानशीलको कार्यशाला

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

नेपाल रेडक्रस सोसाइटी र नेरेसो कास्कीको आयोजनामा प्रदेश स्तरीय विपद् जोखिम व्यवस्थापन कार्यशाला भएको छ । उत्थानशील समुदाय निर्माणका लागि सहयोग, सहअस्तित्व र सहकार्य भन्ने नाराका साथ आयोजना गरिएको कार्यशालामा गण्डकी प्रदेश सभाका सभामुख नेत्रनाथ अधिकारीले आपत्को साथी नै रेडक्रस भएको बताए । उनले भने, 'विपद् स्थानीयतहमा हुने भएकाले सबैले विपद् पूर्व तयारीमा जुट्नु पर्दछ । विपद् पूर्व सबैले बोध गर्नु पर्दछ ।'

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष सञ्जीव थापा, नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष देवेन्द्रबहादुर प्रधान र उपमहामन्त्री हरिप्रसाद न्यौपाने लगायतले बोलेका थिए । यसैगरी स्थानीय सरकारको प्रतिनिधित्व गर्दै पोखरा महानगरकाका विपद् तथा निरीक्षण महाशाखाका प्रमुख वसन्त चालिसले नगरपालिका स्तरमा सहरी विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा गरिएका प्रयास र आगामी योजनाबारे उल्लेख गरे ।

कार्यशालाको दोस्रो सत्रमा विपद् जोखिम व्यवस्थापनमा सरोकार राख्ने निकाय गम्भीर हुनुपर्ने धारणा राखे । विपद जोखिम न्यूनीकरणका राष्ट्रिय नीति, रणनीति, कार्ययोजना र विपद् जोखिम न्यूनीकरणको मूल प्रवाहीकरणका विषयमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय गण्डकी प्रदेशका गोपीचन्द्र रेग्मी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका रिनु थपलिया, सहरी विपद् जोखिम न्यूनीकरणका प्राथमिकता, चासो र चुनौतीका विषयमा महानगरका विपद् व्यवस्था प्रमुख वसन्त चालिसे, जिल्ला विपद् व्यवस्थापन समितिको तर्फबाट कास्की जिल्लाको विपद् पूर्व तयारी र प्रतिकार्यमा जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका कार्यक्रममा जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत नवराज बराल, नेरेसो उपनिर्देशक रुद्रनारायण अधिकारी, रेडक्रस शाखाका सभापति डोलरराज पाण्डे, कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल लगायतले सहजीकरण गरेका थिए ।







## पुतलीवजार नगरपालिका नगरकार्यपालिकाको, कार्यालय

**स्याङ्गजा**

## दरभाउपत्र आब्हान सम्बन्धी सूचना

**प्रथम पटक सुचना प्रकाशित मिति २०७६।६।१**

स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपालिकाको मिति २०७६/३/१० को पाँचौ नगर सभाको निर्णय अनुसार यस नगरपालिकाको आ.व. २०७६।७७ को लागी तपसिलमा उल्लेखित नाकाहरुमा ढुङगा गिट्टी वालुवाको विक्री तथा निकासीकर बाट आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि अनिवार्य रुपमा घाटगद्दी गरी विक्री वितरण गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | उत्खनन् परिमाण घ.मी. | आ.व.२०७६।७७ को लागि न्यूनतम अंक रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| | **ढुङगा गिट्टी वालुवा विक्री तथा निकासी तर्फ :** | | | | |
| १ | ५ | खल्लुवोट-राङखोला दोभान सम्म | ११२५० | १७,७७,५००/- | १०००/- |
| २ | ६ | आँधी -दरौं दोभान झापाकोट सम्म | १८०० | २,८४,४००/- | १०००/- |

**शर्तहरु :-**

१) दरभाउपत्र पेश गर्दा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपीसहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र १६ (सोहौं) दिन मिति २०७६/६/१६ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्गजा स्थित ०७२०३००००००००३००००९ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिन मिति २०७६/६/१६ गते अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ

६) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको ने.बै.लि.स्याङ्गजा स्थित ०७२०३०००००००४००१०७७ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७७ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमूष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७७ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७७ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित मालवस्तुमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । संझौतामा उल्लेख नभएका माल वस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ । कर उठाउन पाउने माल वस्तुको विवरण र दररेट दरभाउपत्र फारामसाथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरि सूचना पाटीमा टाँस्नु पर्नेछ । ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पुर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोवार गर्दा वालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला दररेटमा कम नहुनेगरी ज्याला दिनु पर्नेछ ।

८) दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

९) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् ।

१०) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

११) ढुङगा गिट्टी र वालुवा IEE मा तोके भन्दा वढी संकलन तथा उत्खनन् गर्न पाईने छैन । उक्त उत्खनन् तथा संकलन गर्ने अवधी (भाद्र १५ देखि जेष्ठ मसान्तसम्म हुनेछ) सम्बन्धी कार्य गर्दा प्रदेश सरकारबाट जारी भएको ढुङगा गिट्टी वालुवा उत्खनन्, संकलन क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ बमोजिम गर्नुपर्नेछ । उत्खनन गर्दा कार्यालयबाट तोकिएको स्थानमा, तोकिएको समयावधीभित्र तोकिएको प्रविधी प्रयोग गरी घाटगद्दी गर्नुपर्नेछ । घाटगद्दी गर्ने कार्यमा आवश्यक परेमा कार्यालयको प्राविधिकको प्रत्यक्ष निगरानीमा मेशिन प्रयोग गरी मालवस्तु उत्खनन गर्न सकिने छ र घाटगद्दी गरी सके पश्चात मात्र विक्री वितरणको कार्य गर्नुपर्नेछ ।

१२) सरकारी कार्यालयबाट गरिने अमानतका कार्यहरुका प्रयोग हुने सवारी साधनहरुमा नगरपालिकाबाट लेखिए बमोजिम दरभाउपत्रदाताले छुट दिनुपर्नेछ ।

१३) स्थानीय स्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न पर्यावरणीय दस्तुर वापत स्थानीय विकास शुल्क लगाउन सकिने छ ।

१४) वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन ।

१५) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन सम्बन्धीत आन्तरीक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

१७) मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१८) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्र धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१९) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ । साथै नेपाल सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ ।

२०) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**पुतलीबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, स्याङ्जा**

# सम्पादकीय

## मर्यादित पत्रकारिता

पछिल्लो समय सार्वजनिक बहसमा छ पत्रकारिता । त्यसमाथि सामाजिक सञ्जाल र युट्युबका कारण पत्रकारितामाथि सरोकारवालाको ध्यानाकर्षण भएको छ । चाहे त्यो युट्युबका सबै दृश्य समाचार होइनन् भन्ने नबुझेर होस् या बुझेर पनि पत्रकारितामाथि औंला उठेका छन् । युट्युब च्यानल वा टेलिभिजन कार्यक्रमकै नाममा पनि पत्रकारितामाथि प्रश्न उठेको छ । अन्तरजाल (इन्टरनेट) मा फैलिएको 'पत्रकारिता'का कारण पनि यो बहस उठेको हो, तर प्रश्नहरु मूलधारको पत्रकारितातिर सोभिन्छन् र जवाफदेही मूलधार नै हुनुपरेको छ ।

> **पत्रपत्रिकाका हकमा जसरी भरोसा जितिसकेको पत्रपत्रिका चयन गर्ने पाठकको आदत हुन्छ, त्यस्तै बानी अनलाइन र युट्युब च्यानलहरुमा पनि लगाइदिए व्यर्थैको हल्ला र गलत सूचनाको सिकार हुनुपर्दैन।**

मूलतः पत्रकारिता भनेको समाचार कर्म हो । समाचार त्यस्तो सार्वजनिक महत्व र चासोको सूचना हो, जो कसैको स्वार्थमा लुकाइएको हुन्छ वा लुकाउन खोजिन्छ । मूलतः पत्रकारिताले प्रश्न सिर्जना गर्छ, प्रश्न गर्छ । सत्ता र शक्तिमाथि प्रश्न गर्ने दायित्व पत्रकारिताको काँधमा हुन्छ । तर पछिल्लो समय अन्तरजालमा युट्युब र अनलाइनहरुमा भइरहेका सबै गतिविधि पत्रकारिता होइननन् । फेसबुकमा व्यक्तिले पोस्ट गरेको जानकारीसम्मलाई लिएर पत्रकारितामाथि आक्षेप लगाउने चलन छ । ब्लग वा दर्ताबिनाका अनलाइनहरुमा तथानाम आएका गालीगलौजलाई पत्रकारिता भन्ने भ्रम निकै फैलिएको छ । सामान्य मानिस त भइहाले, गिनेचुनेका, पढेलेखेका र जिम्मेवार निकायका पदासीनहरु पनि अनलाइनमा जस्तो लेखेर आए पनि समाचार हो भन्ने भ्रममा पर्ने गरेको देखिन्छ ।

शारीरिक स्वास्थ्योपचारका लागि चल्तीको विश्वसनीय चिकित्सक खोजी गर्ने व्यक्तिहरु पनि कहिल्यै नाम नसुनेका अनलाइनमा आएका कुरालाई समाचार भन्ने विश्वासमा पर्नु आफैंमा कमजोरी हो । दैनिक उपभोग्य वस्तुको किनमेलमा कमसल र मिसावट नभएको पसल चहार्ने उपभोक्ता समाचारका हकमा भने त्यसो गरिरहेका छैनन् । फेसबुक वा युट्युबमा जसले जे सेयर गरेको भए पनि पत्याइहाल्ने, आफूले पनि सेयर गरेर भनै भ्रम फैलाउने गरेको पाइन्छ । युट्युबमा पनि विश्वसनीय च्यानलहरु छन् । अनलाइनहरु पनि पत्यारिला छन् । पत्रपत्रिकाका हकमा जसरी भरोसा जितिसकेका पत्रपत्रिका चयन गर्ने पाठकको आदत हुन्छ, त्यस्तै बानी अनलाइन र युट्युब च्यानलहरुमा पनि लगाइदिए व्यर्थैको हल्ला र गलत सूचनाको सिकार हुनुपर्दैन ।

पत्रकारिताले संविधानले दिएको सूचनाको हकलाई उपयोग गर्ने हो । अरु विशेषाधिकार पत्रकारिता र पत्रकारलाई हुँदैन । पत्रकार न वकिल हो, न पुलिस, न न्यायाधीश नै । पत्रकार केवल पत्रकार हो । पत्रकारिताका आचारसंहिता र मर्यादा पालना गर्नु उसको धर्म हो । खास र व्यावसायिक पत्रकार मर्यादित पत्रकारिताको पक्षमै छन् । आचारसंहिता पालना गरिरहेका छन् । तर पाठक र दर्शक स्रोताले बस, व्यावसायिक र अमर्यादित छुट्याइदिने कसर तचाहिँ आफैंले गरिदिनुपर्ने हुन्छ ।

**समाधान राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि**
article.samadhan@gmail.com

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायन, शरदृतुः, परिधावी नाम संवत्सर, श्रीशाके १९४१, सम्वत २०७६ साल आश्विन २ गते बिहीबार नेपाल सम्बत ११३९ अलागा तदनुसार सन् २०१९ सेप्टेम्बर १९ तारिक कृष्णपक्ष पञ्चमी तिथि अपरान्ह ३ बजेर ५० मिनेट सम्म, भरुणी नक्षत्र विहान ६ बजेर ५१ मिनेटसम्म, हर्षणयोग, तैतिलकरण, आनन्दादियोग पद्म, सूर्य कन्या राशीमा, चन्द्रमा अपरान्ह १ बजेर ८ मिनेटसम्म मेष उप्रान्त वृष राशीमा ।

जिज्ञासाको लागि : ९८५६०२६३९७
gurupatrakar@gmail.com

# वित्तीय संघीयताको बहस



विश्वमोहन अधिकारी

**हाल नेपालमा अपनाइएको आर्थिक नीति कुन हो, कुन पार्टीको अर्थ नीति कस्तो छ वा कुन हो भन्न समेत सकिने अवस्था छैन**

वित्तीय क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण अंग हो । देशको आर्थिक मार्गचित्र वित्तीय क्षेत्रले डोऱ्याइरहेको हुन्छ । जसका लागि धेरैभन्दा धेरै जनतामा वित्तीय पहुँच पुग्नु जरुरी छ । मुलुक कानुन निर्माणको चरण पूरा गरी कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । यस्तो समयमा पनि वित्तीय क्षेत्रमा संघीयताको बहस प्रचूर मात्रामा चलेको पाइँदैन । देशको अर्थनीति र वित्तीय अवस्था अनुसार त्यहाँको विकास भएको हुन्छ । जसका कारण अबको संघीय प्रणालीमा वित्तीय संघीयताको बहस अपरिहार्य छ । खास गरी केन्द्रदेखि तल्लो एकाइसम्म आर्थिक अधिकार दिने संवैधानिक एवं कानुनी व्यवस्था नै वित्तीय संघीयता हो । कुनै पनि सरकार सफल असफल हुन त्यहाँको आर्थिक स्रोत, साधनको ठूलो भूमिका रहन्छ । वर्तमान सरकारले नीति तथा कार्यक्रममा सबै नेपालीलाई वित्तीय पहुँच सुनिश्चित गर्ने र प्रत्येक नेपाली नागरिकको बैंक खाता खोलिने घोषणा गरेको भए पनि त्यसको कार्यान्वयनमा निकै चुनौतीपूर्ण देखिएको छ ।

नेपाल सरकारको १५ औं योजना तथा आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रमसँगै सदासयता कायम गरी जारी गरिएको मौद्रिक नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व हासिल गर्न, वित्तीय पहुँच अभिवृद्धि गर्न, वित्तीय सेवा प्रवाहमा प्रादेशिक सन्तुलन कायम गर्ने र आर्थिक वृद्धि हासिल गर्न नेपाल सरकार तथा सरकारका विभिन्न अंग तथा केन्द्रीय तहबाट समेत संघीयतामा वित्तीय क्षेत्र तथा वित्तीय पहुँच विस्तारमा जोड दिएको पाइएको छ ।

तर उक्त प्रयासबाट जनतामा परिवर्तन देखिने गरी कुनै पनि काम गरिएको पाइँदैन । सरकारले प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्थायित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै कर्मचारीको पारिश्रमिक सञ्चयकोष, पेन्सन, वृद्धभत्ता जस्ता विभिन्न किसिमका सामाजिक सुरक्षा भत्तासमेत बैंक खातामार्फत् नै भुक्तानी दिइने भनेको छ । सबै प्रकारमा भुक्तानी बैंक खातामार्फत् गर्ने सरकारको नीति पूरा हुनका लागि करिब ४० प्रतिशत नेपालीको बैंक खाता नै छैन ।

देशमा बैंक तथा वित्तीय संस्था धेरै भएपछि केन्द्रीय बैंकले फोर्स मर्जरको नीति लिइरहेको समयमा देशमा ६० प्रतिशत जनताले वित्तीय सेवा औपचारिक तरिकाले पाउन सकेका छैनन् । वित्तीय पहुँच भनेकै प्रत्येक नेपाली नागरिकको वित्तीय आवश्यकता पूरा हुने अवस्था हो । तर सबै नेपालीको आर्थिक अवस्था बैंकमा खाता खोल्न सक्ने र आवश्यक परे ऋण लिन सक्ने छैन । नेपालको वित्तीय क्षेत्रको आकार बढिरहेको छ । तर सो बमोजिम आर्थिक विकासले गति लिन सकेको छैन । यसको मुख्य कारण राजनीतिक प्रभाव बढी हुन सक्छ । तर वित्तीय क्षेत्रभित्रको समस्या तथा चुनौतीले पनि आर्थिक क्षेत्रको विकासमा सन्तोषजनक योगदान पुऱ्याउन सकेको छैन । नेपालको भूपरिवेश, जनसांख्यिक संरचना, ठूलो हिस्सा ओगटेको ग्रामीण अर्थतन्त्र, निरक्षरता, ग्रामीण क्षेत्रमा आवश्यक सूचना तथा जानकारी एवं चेतनाको अभाव तथा बैंक तथा वित्तीय पहुँचबाट वञ्चित रहेको अवस्थामा संघीय शासन व्यवस्थाबाट यसमा फड्को मार्नुपर्ने आजको आवश्यकता हो ।

नेपालको संघीय शासन व्यवस्था अनुसार वित्तीय क्षेत्रमा नयाँ क्षेत्रको पहिचान र सम्भावना अध्ययनमा चासो देखिँदैन । वास्तवमा नेपालको आर्थिक गतिविधि, आर्थिक अवस्था तथा समग्र वित्तीय क्षेत्रको अवस्था सम्बन्धको विभिन्न निकायबाट आएका आँकडामा भिन्नता रहेको देखिन्छ । जसले हाम्रो वास्तविक अवस्था के हो भन्नेमा अन्योल छ भने अर्कोतर्फ उचित र आवश्यक नीति निर्माणमा समेत बाधा परेको छ । सबैभन्दा उदेकलाग्दो त के छ भने हाल नेपालमा अपनाइएको आर्थिक नीति कुन हो, कुन पार्टीको अर्थ नीति कस्तो छ वा कुन हो भन्न समेत सकिने अवस्था देखिँदैन । यसरी हामीले अपनाएको अर्थनीति पुँजीवाद वा समाजवाद अथवा मिश्रित साम्यवाद कुन हो भन्ने बारेमा स्पष्ट हुनु




आवश्यक छ । एउटै राजनीतिक पार्टीको घोषणापत्र, सरकार सञ्चालन र औपचारिक/अनौपचारिक विचार, उसले अपनाएको अर्थनीतिबारे प्रष्ट हुन सकिँदैन । यसरी हेर्दा संघीयतामा जाँदै गर्दा उपयुक्त आर्थिक मोडल तय गर्न जरुरी छ भने अर्कोतर्फ वित्तीय क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीलाई समयमा नै सम्बोधन गर्नु आवश्यक छ ।

संघीय शासन व्यवस्थाको कार्यान्वयनपछि पनि गत आर्थिक वर्ष २०७५/७६ मा नियन्त्रणमा रहेको मूल्य वृद्धिदर ४.६ प्रतिशत हुँदा पनि वस्तु तथा सेवाको आयात १४ खर्ब १६ अर्ब, वस्तु तथा सेवाको निर्यात ९६ अर्ब ११ करोड र व्यापार घाटा १३ खर्ब २१ अर्ब हुनु धेरै नै अस्वभाविक देखिन्छ । विगत लामो समयदेखि नै देखिँदै आएको आयात, निर्यातको फरक यस वर्ष त झन् निर्यातको १३ गुणाभन्दा बढी आयात देखिनु केबल १/२ वर्षको मात्र गलत आर्थिक नीतिका कारण नभई दशकौंदेखिको आर्थिक नीतिको प्रभाव हो ।

वित्तीय संघीयतामा कामको जिम्मेवारी, राजश्व बाँडफाँडको जिम्मेवारी, अन्तर सरकारी वित्तीय व्यवस्थापन लगायतका बारेमा संवैधानिक तहमा नै स्पष्ट नभएको देखिन्छ । उदाहरण स्वरुप स्रोत साधनको बाँडफाँडमा संवैधानिक स्पष्टता नहुँनाले गण्डकी प्रदेश र ५ नम्बर प्रदेशकाबीच कालिगण्डकी नदीको पानी बाँडफाँमा देखिएको वाकयुद्धलाई देख्न सकिन्छ । यसरी स्थानीय तहबाट हुने काम स्थानीय सरकारबाटै हुने व्यवस्था गर्ने र केन्द्रको मुख ताक्ने प्रवृत्तिको अन्त्य गरेमा मात्र संघीय शासन व्यवस्था र आर्थिक विकासले फड्को मार्नेछ । यसै सन्दर्भमा बैंकिङ तथा वित्तीय क्षेत्र सम्बन्धको अन्तर्राष्ट्रिय सञ्जालको बढ्दो भूमिकाको परिपेक्षमा संघीय नेपालको वित्तीय क्षेत्रको पुनर्संरचनाबाट मात्र आर्थिक विकास सम्भव देखिन्छ । यस अवस्थामा राज्य पुनर्संरचनासंगै वित्तीय क्षेत्र पुनर्संरचना पनि आवश्यक हुन्छ । तर वित्तीय, बैंकिङ तथा मौद्रिक नीति केन्द्र सरकारको मातहतमा रहने गरी हाम्रो संविधान निर्माण भइसकेकाले यो विषयको बहस समेत निरर्थक देखिन्छ । तर आवश्यकता भने महसुस गरिएको छ ।

संघीय शासन व्यवस्थामा वित्तीय पहुँच विस्तार कार्यक्रम अन्तर्गत ७ सय ५३ वटै स्थानीय तहमा कम्तीमा १ बैंक शाखा पुऱ्याउन सबै बैंकलाई कडा निर्देशन दिएको भए पनि अझै २१ स्थानीय तहमा बैंक पुग्न सकेका छैनन् । सडक, बिजुली, बैंक राख्ने पक्की घर नहुनु, सुरक्षा व्यवस्थाको कमी, छरिएको बस्ती र बैंकिङ ज्ञानको कमी लगायत कारणले सहजै बैंक पुग्न नसकेका हुन् ।

नेपाली जनतामा अपेक्षाकृत रुपमा वित्तीय पहुँच बढ्न नसक्नुमा आर्थिक सरोकारवालाका न्यून गतिविधि मुख्य कारण हो । त्यसबाहेक अन्य कठिनाइमा वित्तीय सेवाको समायोजनले विकास र विस्तारको अभाव अविकसित पुँजीबजार, बिमा क्षेत्र संस्थागत हुन नसक्नु, अपर्याप्त कानुन, संस्थागत सुशासनको कमी, कर्जा सूचनाको भरपर्दो हुन नसक्नु, वित्तीय साक्षरता कमी, कारोबारगत दक्षताको कमी, राजनीतिक हस्तक्षेप, र राज्यको समन्वयात्मक भूमिकाको कमी लगायत हुन् ।

नेपालमा हाल अपनाइएको नीति अनुसार विभिन्न प्रकारका बैंकिङ सेवाका निमित्त हरेक स्थानमा सबै प्रकारका बैंक तथा वित्तीय संस्था र बिमा कम्पनी पुग्नुपर्ने जस्तो देखिन्छ । जसका कारण वित्तीय सेवा महँगो र कठिन हुने गरेको छ । सीमित वित्तीय संस्थाबाटै धेरै वित्तीय सेवा उपलब्ध गराउने व्यवस्था हुन सकेमा वित्तीय सेवा विस्तार गर्न सहज हुने र सेवा महँगो नपर्ने हुनसक्छ । प्रभावकारी रुपमा वित्तीय समावेशीकरणमा अभिवृद्धि गर्न सकिएमा गरिबी निवारण गर्न र दीगो, फराकिलो आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । जसका लागि स्पष्ट संघीय वित्तीय नीति आवश्यक छ ।

*ओम विकास बैंकका प्रमुख कार्यकारी अधिकृत अधिकारी जनप्रिय बहुमुखी क्याम्पसका उपप्राध्यापक हुन् ।*

# काम नदिने भए समन्वय समिति खारेज गरे हुन्छ

हिमालपारीको जिल्ला मुस्ताङको विकट गाउँ लोघेकर दामोदरकुण्ड गाउँपालिका १ मराङकी छिरिङ ल्हामो गुरुङ विगत २ वर्षदेखि जिल्ला समन्वय समिति प्रमुख छिन् । उनी नेपालकै कान्छी जिसस प्रमुख पनि हुन् । गाउँकै साधारण परिवारमा जन्मे, हुर्किएकी उनले गाउँमै बसेर प्लस टु उत्तीर्ण गरिन् । विगत साढे २ वर्षको समन्वय समितिको जिम्मेवारी सम्हाल्दा सोचे अनुसारको काम गर्न नसकेको स्वीकार गर्छिन् । उनी भन्छिन्, 'समन्वय समितिलाई सरकारले आवश्यक बजेट र अधिकार नहुँदा भूमिकाविहीन भएको छ ।' प्रस्तुत छ, उनै जिसस प्रमुख छिरिङ ल्हामो गुरुङसँग समाधानकर्मी एसके आस्था थकालीले जिससको क्षेत्र अधिकार र अहिलेसम्मको भएका अनुभवबारे कुराकानीको अंशः



**छिरिङ ल्हामो गुरुङ**
प्रमुख
जिल्ला समन्वय समिति मुस्ताङ

**संघीयता कार्यान्वयनका क्रममा मुस्ताङका स्थानीय तहले के-कस्ता कठिनाइ भोग्नु परेको छ ?**

संघीयता कार्यान्वयन भएको साढे २ वर्ष बित्यो । यस अवधिमा यहाँका स्थानीय तहले कर्मचारी अभावको समस्या भोग्नु परेको मैले देखेकी छु । स्थानीय तहका प्रत्येक वडामा सचिव र इन्जिनियर आवश्यक पर्छ तर अझै सो यसको व्यवस्था हुन नसकेको अवस्था विद्यमान छ । केही स्थानीय तहमा आंशिक सचिवको व्यवस्था भए पनि काजमा खटिएका विषयगत कार्यालयका कर्मचारीले धानिएको छ । उनीहरुले २ वा २ भन्दा बढी जिम्मेवारी सम्हाल्न पर्ने वाध्यता छ । स्थानीय तहमा लेखापाल छैनन्, जसले काम सम्पन्न गरेर भुक्तानी लिनसमेत उपभोक्ता समितिलाई अप्ठ्यारो परेको मैले महसुस गरेकी छु । स्थानीय तहका कर्मचारीमा अझै कार्यदक्षता अभाव खट्किएको देखेकी छु । कर्मचारी समायोजनले मुस्ताङका स्थानीय तहले कर्मचारी अभावको पीडा भोगिरहेको देखेकी छु । धेरै समस्या र चुनौती छन् ।

**स्थानीय तह, प्रदेश र संघ सरकारसँगको समन्वयकारी भूमिका कसरी चलेको छ ?**

तपाईंले भने जस्तो ३ वटै तहका सरकारसँगको समन्वय र सहकार्यको भूमिका ज्यादै कम छ । प्रदेशको कुरा गर्दा गत वर्ष प्रदेशको बजेटको अवस्था हेर्दा शून्य अवस्था जस्तो थियो । हामी एउटा समन्वयको आधिकारिक समितिको रुपमा थियौं । संघ र प्रदेशबाट स्थानीय तहमा आउने विकास बजेटमा समन्वय समिति बेखबर छ । विकास बजेटका बारेमा समन्वयले सूचना प्राप्त गर्न सके हाम्रो पनि भूमिका रहन्थ्यो । साझेदारी विकास अनुगमनमा कहिलेकाहीं जान्छौं तर त्यो कुन तहले गरेको योजना हो, हामी अनविज्ञ रहन्छौं । यस्तो हुनु दुखद हो । राज्यले समन्वयलाई अनुगमनको पाटोमा सशक्त बनाइदेओस् भन्ने लाग्छ ।

**स्थानीय तहको सम्बन्ध कस्तो चलेको छ नि ?**

स्थानीय तह अधिकार सम्पन्न छ । हामीलाई संविधानले अनुगमन र समन्वय गर्ने जिम्मेवारी तोकेको भए पनि आधिकारिक रुपमा संविधानले मजबुत पार्न सकेको छैन । हामी नाम मात्रको समन्वय भएका छौं । तर स्थानीय तहले आफ्नो अधिकार प्रयोग गरेर समन्वय गर्ने आवश्यकता ठान्दैन । कुनै विकास कार्यक्रम आउँछन् तर हामीसँग समन्वय नहुँदा डुब्लिकेसन भएको अवस्था देखेको छु ।

**जिससका काम, कर्तव्य र अधिकार के हुन् ?**

संविधानको धारा २२० अनुसार हामीलाई अनुगमन र समन्वयको जिम्मेवारी तोकेको अवस्था हो । राज्यका ३ वटै तहका सरकार र अन्तर्राष्ट्रिय संघसंस्थाले गर्ने काममा पनि समन्वय र सहजीकरण गर भनेर उल्लेख गरिएको छ । संविधानमा उल्लेख भए पनि हामीले खासै जिम्मेवारीताका साथ काम गर्ने अवसर पाएका छैनौं । समन्वयलाई अनुगमन गर्ने कार्यको मूल्यांकन गर्ने अधिकार दिइनुपर्छ । समन्वयलाई कामको प्रगति र दुर्गतिको सिफारिस गर्ने अधिकार प्राप्त भयो भनेमात्र विकासका काम भरपर्दो हुन्छ ।

**स्थानीय तहहरु तपाईंहरुलाई बाइपास गरेर आफैं चल्न खोजेको जस्तो लाग्छ ?**

स्थानीय तहहरुले आफैं बजेट सार्वजनिक गर्छन् । आफैं बजेट बाँडफाँड गर्छन् र आफैं कामको अनुगमन गर्छन् । यो राम्रो हो जस्तो लाग्दैन । आफैं धामी, आफैं झाँक्रीको काम गर्ने परिपाटीले सुशासन कायम हुँदैन । यसको भेरिफाइ गर्ने अधिकार समन्वय समितिले पाउन सके पुरस्कार अनि दण्ड सजायको सिफारिस हामी गर्न सक्थ्यौं ।

**हालसम्म जिससले गर्व गर्न लायक कस्तो काम गरेको छ ?**

हामीलाई राज्यले गर्व गर्ने खालको कामको अवसर दिएकै छैन । गर्व गर्ने काम गर्नलाई कि बजेट चाहियो, कि त अधिकार चाहियो । हामी त समन्वयको नाममा जिउँदो लास भएका छौं, जुन चाहेर पनि केही गर्न सक्दैनौं । समन्वय प्रमुख हुँदा आफूले मुस्ताङमा परिवर्तन ल्याउने कल्पना गर्थें । तर, अधिकारविहीन समन्वयले कुनै पाइला सार्न नसकेको अवस्था छ ।

**३ तहको सरकारसँग समन्वय गर्न किन सकेन समन्वय समितिले ?**

संविधानका कार्यविधिमा अनुगमन र समन्वय भनिएको छ तर व्यवहारत कार्यान्वयन भएको छैन । बजेट र पूर्वाधारका काममा ३ वटै तहको सिधा सम्पर्क हुन्छ । हामीलाई केही पत्तो हुँदैन ।

**अन्त्यमा, केही भन्नु छ कि ?**

समन्वय समितिलाई तलब, भत्ता र सुविधामात्र दिएर पुग्दैन । काम गर्नलाई अधिकार दिइनु पर्छ । हामी काम गर्न चाहन्छौं । हामीसँग जनशक्ति छ र अधिकार दिनुपर्छ । हामीलाई तड्पाएर राख्न पाइँदैन । काम गने अधिकार नदिने हो भने समन्वय खारेज गरिदिए केही फरक पर्दैन ।

## आजको शुभाशुभ

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
कार्य क्षमता बढ्नेछ । समारोहमा भाग लिने अवसर मिल्नेछ । पठन पाठनमा कम प्रगति हुनेछ । ऋण लगानी गर्दा विचार पुऱ्याउनु होला ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
समयले अझै साथ दिने देखिन्न । व्यापार व्यवसायबाट सोचे जस्तो लाभ लिन सकिने छैन । काम गर्दा अरुको भरोसा नगर्नु नै उत्तम हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
समयले कम साथ दिने देखिन्छ काममा ढिला नगर्नु होला । आर्थिक कारोवारहरु विग्रिन सक्छन सचेत रहनु होला । खर्च वृद्धिले आर्थिक समस्या ल्याउने छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)
आर्थिक कारोवारमा विस्तारै सुधार आउने देखिन्छ । गरेका कामबाट लाभ लिन सकिने छ । स्वव्यवसायबाट लाभान्वित हुनुहुनेछ ।

**सिंह** (मा.मी,मू,मे,मो,टा,टी,ट्र,टे)
काममा देखिएका समस्या कम भएर जानेछन् । मेहनतपूर्वक गरेका काम सफल हुनेछन् । पुराना काम फर्स्योट हुने छन् ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
इज्जत प्रतिष्ठामा आच आउन सक्छ । अरुका काम गरेर आफुलाई कुनै फाइदा हुने छैन । अविश्वासको वातावरण निर्माण हुने देखिन्छ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते)
समयमा काम गर्न सकिएन भने अवसर गुम्नेछ । भौतिक सुखमा कमी आउने छ । । संचित धनको नास हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नू,ने,नो,या,यी,यू)
विरोधी परास्त हुनेछन् । गरेका अधिकाँश काम सफल हुनेछन् । नयाँ कामको बारेमा विचार विमर्श हुनेछ । नोकरी तथा राजनीतिबाट लाभ हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)
भ्रमको खेती हुनसक्छ काम गर्दा होशियार रहनु होला । अलमलमा नपरि गरेका कामबाट सामान्य लाभ हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
काम गर्ने बातावरण खलबलिन सक्छ । स्वव्यवसायमा समस्या आउन सक्छ । अनावस्य विषयलाई लिएर तनाव हुनसक्छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
कार्य क्षमता घट्ने छैन । पुराना काम अधिकाँश सम्पन्न हुनेछन् । व्यापार व्यवसायबाट आय आर्जन बढ्नेछ । मित्रबाट सहयोग थोरै मिल्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
आर्थिक समस्या कम भएर जानेछन् । आफन्तजनबाट अल्प सहयोग मिल्नेछ । व्यापारमा क्रमिक सुधार आउनेछ ।

# पर्यटनमा गौरवपूर्ण गण्डकी

पर्यटनका दृष्टिले सुन्दरमध्ये पनि सुन्दर प्रदेश हो गण्डकी । पर्यटनका लागि सबैभन्दा बढी उर्वर र उच्च सम्भावना भएको क्षेत्र हो । सम्भावना छ भनेर सपना देखेरमात्रै हुँदैन । महान सम्भावनाका अगाडि गम्भीर चुनौती हुन्छन् नै त्यसलाई समाधान र सम्बोधन गर्न स्रोत परिचालन साथै विधि र व्यवस्थापन मुख्य पाटो हो । सरकारी, निजी र सार्वजनिक साझेदारी क्षेत्रको सक्रियताले यहाँको समृद्धिलाई प्रतिबिम्बन गर्छ । सुनको फुल पार्ने कुखुरालाई जतन गरेमा नै पर्यटनले डलर दिने हो ।

नेपालको संघीय संरचना अनुसार सात प्रदेशमध्ये भौगोलिक हिसाब (२१,८३८ वर्ग कि.मी.) ले तेस्रो र जनसंख्याको हिसाब (२४,०३,७५७) ले पाँचौं ठूलो प्रदेशका रूपमा गण्डकी प्रदेश रहेको छ । गण्डकी अञ्चलका ६, धौलागिरी अञ्चलका ४ र लुम्बिनी अञ्चलको १ (नवलपुर) गरी कुल ११ जिल्ला गण्डकीमा छन् । यहाँ १८ वटा संघीय, ३६ वटा प्रदेश निर्वाचन क्षेत्र र ८५ वटा स्थानीय तह छन् ।

नेपालको सबैभन्दा ठूलो महानगरपालिका पोखरासहित २६ नगरपालिका र ५८ वटा गाउँपालिकाले गण्डकीलाई ढाकेको छ । नेपालको मानचित्रमा पूर्वपश्चिम राजमार्गको बीचमा पर्ने नवलपुरको मध्यबिन्दु नगरपालिका र उत्तर दक्षिणको बीचमा लमजुङको मध्यनेपाल नगरपालिका यसै प्रदेशमा छन् । हरेक ठाउँका पृथक पहिचान र मौलिक विशेषता छन् । आँखा र पैताला दुबैलाई समसाथ दिने चिज छन् ।

जनसंख्याको दृष्टिले विश्वको पहिलो र दोस्रो ठूला छिमेकी मुलुक चीन र भारत प्रदेशसँग जोडिएका छन् । चीनको स्वशासित क्षेत्र तिब्बतदेखि भारतको विहारसम्म फैलिएको गण्डकी प्रदेश भौगोलिक र सामरिक दृष्टिले महत्वपूर्ण मानिन्छ । नेपालभरि १ सय २५ प्रकारका जातजाति छन्, त्यसमध्ये ९३ जातजातिको बसोबास र ५० मातृभाषीले गण्डकी प्रदेशलाई जातीय तथा सांस्कृतिक विविधताले उर्वर बनाएको छ । सुनाखरी र सुनगाभाको राजधानी गण्डकी प्रदेश नै हो ।

हिमाल, पहाड, तराईको भौगोलिक अवस्थितिमा हावापानी, जैविक विविधता, प्राकृतिक र सांस्कृतिक सभ्यताको इन्द्रेणी गण्डकी प्रदेशका मौलिक विशेषता हुन् । प्राकृतिक सम्पदा र वरदानले सम्पन्न गण्डकी प्रदेशमा के छन् भन्ने भन्दा पनि के छैन् भन्ने प्रश्न महत्वपूर्ण मानिन्छ । हिमाल, पहाड, तराई, तालतलैया, झरना, नदीनाला, गुफा, मठमन्दिर, चैत्य विहार, गुम्बा, स्तूप, वनजंगल, वन्यजन्तु, पदमार्ग, उपत्यका सबै यही भूखण्डमा छन् ।

६ हजारदेखि ८ हजार मिटर उचाईका धौलागिरी (विश्वको सातौं उच्च हिमाल ८,१६७), नीलगिरी, अन्नपूर्ण, मनास्लु लगायतका ५७ हिमाल यसै प्रदेशमा छन् । कुमारी हिमालका रूपमा चर्चित माछापुच्छ्रे, (६,९९३ मिटर उचाई) गण्डकी प्रदेशकै शान हो । विश्वकै अग्लो स्थानमा रहेको मनाङको तिलिचो ताल (४,९१९ मिटर उचाई), संसारको सबभन्दा होचो स्थानमा रहेको कास्कीको कपुचे हिमताल र गहिरो मानिएको म्याग्दीको गल्छी यसै भूगोलका गहना हुन् ।

प्रकृति र संस्कृतिको दोभान गण्डकी प्रदेश पानीको चरित्र भएको प्रदेश पनि हो, जो सिंचाई, ऊर्जा र उज्यालोका लागि जलविद्युत उत्पादन गर्ने ल्याकत र क्षमता राख्छ । काली गण्डकी, बुढी गण्डकी, सेती, मादी, दरौंदी, मर्स्याङ्दी यसका नमुना हुन् । मुस्ताङको दामोदर कुण्ड, कास्कीका नौगेडी माला जस्तो नौ ताल, लमजुङका इलमपोखरी, बाह्रपोखरी, मेमे पोखरी, म्याग्दीको तातोपानी कुण्ड, बाग्लुङको गाजा दह, रुद्र तालले चिसो र तातो दुवै पानीको महत्व बोकेका छन् ।

धार्मिक दृष्टिले पनि गण्डकी प्रदेशको गरिमा आफ्नो ठाउँमा छ । मुक्तिनाथदेखि देवघाट, कागवेनीदेखि त्रिवेणी धाम, मौलाकालिका, मनकामना, गोरखनाथदेखि ढोरबाराही हुँदै फेवाको बीचमा रहेको बाराही मन्दिर, विन्ध्यवासिनी र भद्रकाली मन्दिर आस्थाका केन्द्र हुन् । प्राकृतिक, सांस्कृतिक, जैविक, धार्मिक र सामाजिक विविधताले युक्त गण्डकी प्रदेशमा गजब्बको समिश्रण छ ।

जमिनमाथि मात्रै होइन, जमिनमुनि पनि हेर्न र देख्न लायक चिजहरू छन् । तनहुँको व्यास गुफा, कास्कीका गुप्तेश्वर महादेव गुफा, महेन्द्र गुफा, चमेरे गुफा, पर्वतको अल्पेश्वर गुफा, पार्वती गुफा, लालेश्वर गुफा र गुप्तेश्वर गुफाले भूगर्भको परिचय बोकेर बसेका छन् ।

रामसार सूचीमा सूचीकृत स्थानका अलाव बागलुङको ढोरपाटन शिकार आरक्ष, कोट, गढी, दरबार, मन्दिर, मस्जिद, गुम्बा, चैत्य, स्तूप, छर्तेन आदि मानव निर्मित चिज पनि यस प्रदेशका सांस्कृतिक सम्पदा हुन् । विश्वका उत्कृष्ट पदमार्ग मध्येको राउन्ड अन्नपूर्ण पदमार्ग यसै प्रदेशको ठाउँ हो । जीवन र जगत् बुझ्न् प्रकृतितर्फ फर्किनका लागि यसको यात्रा र भ्रमण अपरिहार्य मानिन्छ । मानिसको रहनसहन र जीवनशैलीका लागि खुला विश्वविद्यालय जस्ता होमस्टेहरू प्रदेशका खुला किताब हुन् । बारपाक, घलेगाउँ, भुजुङ, काउलेपानी, घनपोखरा, ल्वाङघलेल, घान्द्रुक, सिक्लेस, धम्पुस, लुम्ले, सिरुवारी (दक्षिण एसियाको पहिलो होमस्टे), कुमालटारी, अमलटारी प्रदेशका ग्रामीण उकाली ओराली हुन् ।

संघीय नेपालको मानचित्रमा गण्डकी प्रदेश भौगोलिक रूपमा पनि बीच भागमा पर्छ । यस प्रदेशको पूर्वमा ३ वटा प्रदेश र पश्चिमा ३ वटा प्रदेश पर्छन् । हिमाल, पहाड र तराईले छोएको यस प्रदेश प्राकृतिक स्रोत, साधनमा अब्बल मानिन्छ । यो प्रदेशको समृद्धि पर्यटनसँग जोएिको छ । प्रदेशको राजधानी पोखरा संसारका १० उत्कृष्टमध्येको १ सहर हो । जो बस्न लायक, हेर्न लायक, देख्न लायक र घुम्न लायक सहर मानिन्छ ।

> सम्भावना छ भनेर सपना देखेर मात्रै हुँदैन । महान सम्भावनाका अगाडि गम्भीर चुनौती हुन्छन् नै त्यसलाई समाधान र सम्बोधन गर्न स्रोत परिचालन साथै विधि र व्यवस्थापन मुख्य पाटो हो ।

प्रसिद्ध फ्रान्सेली लेखक जुल्स रेनार्डको उक्ति छ, 'पृथ्वीमा कहिँ कतै स्वर्ग छैन तर स्वर्गको टुक्रा छ, त्यो पोखरा हो ।' यसैले पोखरा संसारका प्रमुख पर्यटकीय गन्तव्य मध्ये १ हो । पोखरा आफैं विश्व प्रसिद्ध नाम हो । यो गण्डकी प्रदेशको राजधानीमात्रै नभएर मुटु नै हो । पातलो टिसर्ट लगाएर ८ हजार मिटरका ३ वटा हिमाल नांगो आँखाले छ्याङ देख्न सकिने पोखरा प्रदेशको ब्रान्ड हो । हवाई मार्गका दृष्टिले पोखरा अन्तर्राष्ट्रिय सहरको रूपमा अनुवाद हुँदै छ । पर्यटन, कृषि र जलविद्युत क्षेत्रमा गण्डकी प्रदेशले आफ्नो क्षमता र दक्षता प्रदर्शन गरी समृद्धिको ढोका खोल्ने ल्याकत राख्छ ।

प्राकृतिक दृश्यावलोकनदेखि धार्मिक पर्यटनसम्म, हिमाल आरोहणदेखि पदयात्रासम्म, साहसिक खेल पर्यटन प्याराग्लाइडिङदेखि रक क्लाइम्बिङ र बन्जिजम्पसम्मको मनोरन्जन यहाँ छ । यहाँका तालतलैयामा हिमाल हेर्दै डुंगा शयरदेखि नदीमा कायकिङ र ऱ्याफ्टिङ जलयात्राको मज्जा लिने सुविधा छ । यस खालको पर्यटन पौरख संसारका अन्य कुनै पनि स्थानमा छैन्, जुन नेपालको गण्डकी प्रदेशमा मात्रै सम्भव छ ।

'पर्यटनको प्रचूर सम्भावना गण्डकी प्रदेश' नाराका साथ गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २०७५ फागुन ९ गते आन्तरिक पर्यटन वर्ष-२०१९ घोषणा गरी १५ लाख पर्यटकलाई प्रदेशको प्रकृति र संस्कृति अवलोकनका लागि ढोका खोलेको छ । पर्यटन प्रवर्द्धन र प्रदेश पहिचानका दृष्टिकोणले सान्दर्भिक पनि छ । यसले प्रदेशको आर्थिक गतिविधि गतिमान र वित्तीय कारोबार चलायमान बनाउनेछ । संघीय सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरी २० लाख पर्यटक नेपाल आमन्त्रण गर्ने १० लाखलाई रोजगारीमा आवद्ध गराउने घोषणालाई गण्डकीको गतिले थप टेवा र सहयोग पुऱ्याउनेछ । आन्तरिक पर्यटन वर्षको सूचना र जानकारी मेचीदेखि महाकालीसम्मका नागरिकको मनसम्म पुऱ्याई प्रचारप्रसार तीव्र बनाउनु अत्यन्त आवश्यक छ । गण्डकी प्रदेश पर्यटनको ट्रान्जिट होइन, गन्तव्य नै हो, त्यसैले १०३ वटा पर्यटकीय गन्तव्यको विकाससँगै यसको परिचय र पहिचानको प्रचारप्रसार गर्नु अपरिहार्य छ । आन्तरिक पर्यटन वर्षलाई भौगोलिक भ्रमण, अध्ययन अवलोक भ्रमण, शैक्षिक भ्रमण, बैंक वित्तीय तथा सहकारी भ्रमण आदिका रूपमा अभियान नै चलाउन आवश्यक छ । पोखरा र समग्र गण्डकी प्रदेश पर्यटकीय क्षेत्र हो । निजी क्षेत्रबाट पर्यटन उद्योगमा ठूलो लगानी भएको छ । दैनिक २० हजार पर्यटकलाई पोखराले थेग्न सक्छ । मासिक ५ लाखका दरले ३ महिनामा १५ लाख आन्तरिक पर्यटक गण्डकी प्रदेशमा आएको खण्डमा आन्तरिक पर्यटन वर्षको लक्ष्य पूरा हुनेछ । यद्यपि अबको साढे ३ महिनाको समयावधिमा लक्ष्य प्राप्तिमा चुनौती छन् । आफूले तय गरेका नारा अनुसारका पर्यटकलाई ठेगानासम्म पुऱ्याउनु प्रदेश सरकारको दायित्व हो । पर्यटक आन्तरिक होस् वा वाह्य विभेद बर्जित छ ।

आन्तरिक पर्यटन वर्षले पर्यटन विकासमा टेवा पुग्नुका साथै जीविकोपार्जन र आयआर्जनका अवसर वृद्धि गरी दीगो विकासका लक्ष्य प्राप्त गर्न सहयोग पुग्नेछ । संघीय सरकारले गण्डकी प्रदेशका पर्यटकीय गन्तव्यमा १४ स्थानलाई मात्र समावेश गरे पनि गण्डकी प्रदेश सरकारले प्रदेशका ११ जिल्लाका १ सय ३ स्थानलाई पर्यटकीय गन्तव्यका रूपमा समावेश गरेको छ । कुल ग्राहस्थ उत्पादनको १० प्रतिशत करिब ३० अर्ब योगदान रहेको पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासमा प्रचारप्रसारको माध्यमबाट थप पर्यटक आकर्षित गर्ने लक्ष्य सार्थक हुनेछ ।

पर्यटन उद्योगका लागि सरकार र निजी क्षेत्रको सम्बन्ध नङ र मासुको जस्तै छ । 'फर नेचर, कल्चर र एडभेन्चर : प्रकृति, संस्कृति र सहासका लागि' तय भएको नारालाई सार्थक बनाउन सुनिने गरी, देखिने गरी र महसुस हुने गरी प्रचारप्रसार गर्नुपर्नेमा कछुवा गति देखियो । गण्डकी प्रदेशको समृद्धिसँग पर्यटन जोडिएको छ । पर्यटनको माध्यमबाट समृद्धि प्राप्त गर्ने लक्ष्यलाई गन्तव्यमा पुऱ्याउन प्रचारप्रसार आवश्यक छ । 'अतिथि देवो भव'लाई केन्द्रमा राखेर प्रदेशका प्रमुख पर्यटकीय स्थलमा आन्तरिक पर्यटकको पहुँच पुऱ्याउन कहाँबाट कसले भूमिका खेल्नुपर्ने हो, यसमा अन्योल देखिएको छ । ३ सय होमस्टे र सामुदायिक वनको पर्यापर्यटनका बारेमा स्पष्ट धारणा आउनुपर्ने थियो, जो आएन ।

संस्कृतिकर्मी तीर्थ श्रेष्ठको मननीय भनाइ छ, 'पर्यटनमा संस्कृति जोडिनु पर्छ ।' सांस्कृतिक पक्षविनाको पर्यटन प्लास्टिकको फूल जस्तो देखिन्छ । हेर्दा सुन्दर र राम्रो तर वासनारहित । सामाजिक अभियन्ता ध्रुवराज चालिसे पर्यटनमा नेचर र कल्चर जोडिनै पर्ने जिकिर गर्छन् । यहाँका होटलमा सुत्न, रेस्टरेन्टमा पिजा, वर्गर र कफी खान पर्यटक आउने होइनन् । आफ्नै देशका राम्रा होटल र मीठो खाना छोडेर उनीहरू प्रकृति र संस्कृति हेर्न र रमाउन आउने हुन् । तर हामी आफ्ना कुराहरू देखाउन चुकिरहेका छौं । पोखरामा पर्यटकले बिताउने भनेको करिब २ दिन मात्रै हो । यसलाई बढाउन सकिएको छैन ।

मूलतः पर्यटन प्रवर्द्धनका लागि यथोचित पूर्वाधारको विकास अपरिहार्य छ । अमनचैन र सुरक्षा पहिलो शर्त हो । भयरहित वातावरणमा निर्धक्क घुमफिरको चाँजापाँजो निम्तो दिइसकेपछि मिलाउनै पर्छ । तथ्यांकमा देखिन्छ, वार्षिक ४ सय पर्यटक नेपालमा हराउँछन् र लुटपाटबाट त्यति नै पीडित हुन्छन् । सत्कारमा हार्दिकता र आत्मीयता पस्कने हो भने वचन विज्ञापन तिनै पर्यटकले गर्छन् । सेवा सुविधामा गुणात्मक सुधार जरुरी छ । खर्च गर्ने ल्याकत भएका क्वालिटी पर्यटक थोरै नै भए पनि आर्जनमा सन्तोष हुन्छ । स्थानीय उत्पादन बढाएर अर्गानिक स्वादमा सन्तुष्टि दिनै पर्छ । प्रकृति र संस्कृति बुझेको दक्ष जनशक्ति गाइडका रूपमा तयार गर्नैपर्छ ।

आन्तरिक पर्यटन वर्ष-२०१९, छिमेकी देशका पर्यटक आकर्षण वर्ष २०२० तथा अन्तर्राष्ट्रिय पर्यटन वर्ष २०२२ लाई आधार मानेर प्रचार प्रसार गरेको खण्डमा सार्थक नतिजा आउथ्यो । प्रभाव र पहुँचमा रहेकालाई केही थान टोपी र टिसर्ट बाँड्दैमा पर्यटन वर्ष सफल हुने होइन, न त पर्यटन प्रवर्द्धन नै हुन्छ । कहिल्यै पनि बजेट फ्रिज नहुने र सधै कागजमा काम सम्पन्न हुने पर्यटन मन्त्रालयमात्रै हो । घतलाग्दा नारा तय गर्ने तर व्यवहारमा खरो नउत्रने कर्मचारी मानसिकतामा पनि सुधार जरुरी छ । पर्यटन सर्वसाधरणमा मनमा गौरवको गीत भएर गुञ्जिन ढिलो हुनु हुँदैन ।



सुरेश रानाभाट

suresh.ranabhat@gmail.com

# जनप्रतिनिधि नै पर्छन् जातीय विभेदमा

कल्पना नेपाली गोरखाको आरुघाट गाउँपालिकाकी उपाध्यक्ष हुन् । उपाध्यक्ष हुनपूर्व उनी विभिन्न सामाजिक संस्थामा काम गर्थिन् । त्यतिबेला दलित भएकै कारण गैरदलित समाजको थुप्रै हेपाइ उनले भोगिन् । तर अहिले उनी गाउँपालिकाकै सहायक नेतृत्व पदमा छिन् । तर आज पनि उनीमाथिको भेदभाव अझै रोकिएको छैन । 'उही समाज हो, हेर्ने दृष्टिकोण उही छ,' नेपाली भन्छिन्, 'दलितकी छोरी त हो, सम्मान किन गर्नुपऱ्यो जस्तो गर्छन् ।'

उसो त उनी समाजमा मात्रै होइन, कार्यकक्षमै पनि जातीय विभेदको सिकारमा पर्ने गरेकी छिन् । काम लिएर गएका कतिपय सेवाग्राहीले नै तिमी, तँ जस्ता शब्द प्रयोग गर्न पछि पर्दैनन् । 'उपाध्यक्ष हुनुअघि भन्दा त अलि सम्मानपूर्वक नै व्यवहार गर्छन तर केही गन्यमान्य भनिएकाहरु अफिसमै पनि तुच्छ शब्दमा बोल्न खोज्छन्, हुकुमीशैली देखाउँछन्,' आरुघाट गाउँपालिकाकी उपाध्यक्ष नेपालीले हाँस्दै भनिन्, 'सँगै बसेका वडाध्यक्षलाई तपाईं भन्ने अनि मलाई तिमी भन्ने हाम्रै कार्यपालिका सदस्य पनि छन् ।' दलित भएकै कारणमात्रै नभई आफ्नो इमान्दारी, क्षमता र पार्टीप्रतिको लगावका कारण जनताले आफूलाई विश्वास गरेर जिताएको उनले बताइन् । दलित वडा सदस्यहरुको पीडा भयावह रहेको सुनाउँछिन् । 'ती विचरा वडा सदस्य त साह्रै पीडामा छन्, कसले सुन्ने उनीहरुका गुनासा ?,' उनले दुखेसो गरिन् 'डकुमेन्टमा समाज धेरै परिवर्तन भएको छ तर गाउँमा गएर हेर्नुपर्छ दलित र गैरदलित बीचको खाडल जस्ताको तस्तै देखिन्छ ।' न्यायिक समितिमा समेत गैरदलितका भन्दा दलितकै मुद्दा बढी आउने गरेको नेपालीको अनुभव छ । उनी नेपाली कांग्रेसबाट निर्वाचित भएकी हुन् ।

'घडीमा बेलुका ५ बजेको हुँदो हो । वडा कार्यालयबाट घर फर्कंदै थिए । बाटोमा केही साथीभाइ भेटिए । उनीहरुले वडाको विकासमा चासो राख्दै थिए,' पालुङटार नगरपालिका १ खोप्लाङका वडाध्यक्ष कृष्णबहादुर परियारले भने, 'त्यसैबीच गाउँकै १ विद्यालयका शिक्षक पनि घर फर्कदै रहेछन् । उनी पनि हामी भएतिरै आए । हामी ४ जना थियौं । ती शिक्षकले अन्य ३ जनासँग हात मिलाए, मसँग भने मिलाएनन्, मैले नमज्जा फिल गरें ।' सायद यो कुरा ती शिक्षकले पनि महसुस गरेरै भनेका होलान्, 'मैले बुवाको ४५ दिन बारेको छु त्यही भएर तपाईंसँग हात मिलाउन सकिनँ वडाध्यक्षज्यू, माइन्ड नगर्नुहोला ।'

तत्कालीन नयाँ शक्ति पार्टीबाट चुनाव जितेका वडाध्यक्ष परियार दलित र गैरदलितबीच थुप्रै विभेद रहेको बताउँछन् । केही विभेद उनी आफैंले पनि भोग्दै आएकी छिन् । 'अरु वडाका अध्यक्ष र मलाई हेर्ने दृष्टिकोण नै फरक गर्छन् भन्ने लाग्छ,' उनले थपे, 'मान्छे हो कहिलेकाहीँ गल्ती हुन्छ, अरुले ठूलै काम बिगार्दा नि कोही चुइँक्क गर्न सक्दैनन्, हामीले सानो मिस्टेक गर्न हुँदैन, ठूलै अपराध गरे झैं गर्छन् ।'

त्यसो त गाउँमा हुने गरेका भोजभतेरमा समेत जनप्रतिनिधि अपमानित हुनपर्ने अवस्था छ । गैरदलित समुदायले समेत आफ्ना विभिन्न 'काजे' मा जनप्रतिनिधि भएकै कारण उनीहरुलाई निमन्त्रणा गर्छन् । तर बिडम्बनासँगै गएका १ जना सदस्यभित्र जान पाउँछ भने अर्को पाखोमा बस्नुपर्ने बाध्यता आउछ । दलित भएकै कारण गैरदलितका घरमा हुने भोजभतेरमा उनीहरुभित्रसमेत पस्न पाउँदैनन् । 'वडा सदस्य भनेर गाउँमा हुने विहे, वर्तुन, पूजा सबैमा बोलाउँछन्, तर बोलाएर के गर्नु सबै बसेर खाएको ठाउँमा जान समेत पाइँदैन' सहिद लखन गाउँपालिका ७ बुङ्कोटकी वडा सदस्य टकमाया परियारले भनिन् 'सँगै गएका सबै सरासर भित्र जान्छन्, हामीलाई तपाईं बाहिरै बसेर खाइदिनुस् है भन्छन् । योभन्दा पीडा अरु के हुन सक्छ र ?'

> तिमी भन्छन् र हेप्छन् । हात मिलाउँदैनन् । भोजमा बोलाएर बाहिर बस भन्छन् । बुझेकै मान्छेले गर्छन् छुवाछुत ।

सदस्यमा जिम्मेवारी बाँडफाँड र अधिकारजस्ता कुरामा वडाध्यक्षबाट खासै समस्या नभए पनि समाजबाटै उनीहरु अपहेलित हुनुपर्ने अवस्था छ । क्षमता र योग्यताभन्दा पनि दलित भएकै कारण जनप्रतिनिधि भएको ठान्ने समाज उनिहरुबाट विकास सम्भव ठान्दैन । 'यो दलितले के गर्न सक्छन् र जस्तो गर्छन्, अरुलाई र हामीलाई हेर्ने नजरै फरक छ,' वडा सदस्य परियारले सुनाइन् 'आफैं जनप्रतिनिधि परियो, हामीले पीडा सुनाउने ठाउँ पनि छैन, सुनाइहाले पनि झन् उडाउँछन्, गाउँमा हल्ला चलाउँछन् । बरु जे भए पनि सहेरै बस्ने हो ।' नेपाली कांग्रेसबाट चुनाव जितेकी परियार देशमा परिवर्तन आएकोमा खासै विश्वास नलागेको बताउँछिन् ।

**बुझेकै मान्छेले गर्छन् छुवाछुत**

देशमा परिवर्तनका लागि धेरै आन्दोलन भए, जनयुद्ध पनि भयो । परिवर्तनकै लागि हजारौंले ज्यान गमाए पनि । देशले परिवर्तन नपाएको पनि होइन । तर परिवर्तन कागजमा मात्रै सीमित बन्दा अझै पनि समाजमा दलित, सीमान्तकृत समुदायलाई तल्लो दृष्टिले हेर्ने चलन सकिएको छैन । 'हेर्ने नजर नै फरक भएपछि संविधान नै परिवर्तन गर्दासमेत केही नहुने रहेछ,' सिरानचोक गाउँपालिका ८ की वडा सदस्य लक्ष्मी उपरकोटीले भनिन्, 'हिजोदेखि समाज हाक्ने मै हुँ भन्नेहरुको सोच परिवर्तन नभई जति वटा संविधान फेरे पनि हुनेवाला केही छैन ।'

त्यसो त वडा सदस्यको हैसियतमा विभिन्न ठाउँमा पुग्दा धेरै अप्ठेरा भोगेको अनुभव छ उनीसँग । कति ठाउँमा त पानी छोएको विषयमा विवादै समेत भोग्नुपरेको छ । 'गाउँका कति होटलमै पनि हामीलाई गाग्री छुन अझै दिइँदैन,' उनी सम्झिन्छिन्, 'धेरै ठाउँमा पानी छोएको निहुँमा हप्की खेपेको छु ।' तर यतिका छुवाछूत र भेदभाव हुँदासमेत उनलाई प्रतिवाद भने गर्ने आँट आउँदैन । 'गाउँमा त्यै समाजसँग मिलेर बस्नुपर्छ, उनीहरुले त्यस्तो व्यवहार गरे भन्दैमा आफू जाइलाग्ने कुरा आउँदैन,' उपरकोटीले सुनाइन्, 'नराम्रो गर्ने आँट पनि आउँदैन किन कि भोलि फेरि उनीहरु नै चाहिन्छन् । यै गाउँमा बस्नुपर्छ । बरु जे भए पनि सहेरै बस्ने हो ।'

सहरमा बसेर परिवर्तनका कुरा गर्नेलाई दलित र गैरदलितको खाडल हेर्न गाउँमा आउन उपरकोटीले आग्रह गरिन् । 'ठूला कुरा गर्न सजिलो छ, तर व्यवहारमा उतार्न निकै गारो रहेछ,' तत्कालीन नेकपा माओवादीबाट चुनाव जितेकी उपरकोटीले भनिन्, 'त्यै ठूला भाषण र कुरा गर्नेहरु नै भेदभावरहित समाजका शत्रु बनेको देख्दा दिक्दार लागेर आउँछ ।'

नगर तथा वडामा हुने सबैजसो औपचारिक कार्यक्रममा वडा सदस्यलाई पनि बोलाउने चलन प्राय जहाँतही छ । तर कार्यक्रममा जाँदा 'दलित महिला सदस्य' भनेर सम्बोधन गर्दा अपमानित महसुस गर्ने गरेको उनीहरु दुखेसो पोख्छन् । 'कार्यक्रममा बोलाउँछन्, गयो कार्यक्रम सञ्चालकले दलित महिला सदस्य भनेर सम्बोधन गर्छन्,' गोरखा नगरपालिका ८ की कल्पना नेपालीले भनिन्, 'अरुलाई सदस्य मात्रै भन्दा हुने हामीलाई दलित थप्नै पर्ने, हेप्नै पर्ने यो कस्तो समाज हो ?' उनले प्रश्न गरिन् ।

दलित कोटाबाट चुनावमा उम्मेदवार बनेकाले धेरै त जनप्रतिनिधिसम्म पनि भन्न रुचाउँदैनन् । दलित भएकै कारण जनप्रतिनिधिले समेत भेदभाव सहनुपर्ने अवस्था रहेदा परिवर्तनको नारा घन्काउनु औचित्यहीन रहेको उनको तर्क थियो । उनी तत्कालीन एमालेबाट निर्वाचित भएकी हुन् ।



मोहसिन अलि मियाँ

news.mohasingorkha@gmail.com

साईमन पार्टी प्यालेस
सृजनाचोक, पोखरा, फोन नं.: ०६१-५३९१०६
अत्यन्तै राम्रो व्यवस्थापनमा वर्षौदेखि गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको
साईमन पार्टी प्यालेस
यहाँ
विवाह, वर्तवन्ध, सभा, सम्मेलन, भोजभतेर, पास्नी, गोष्ठी, सेमिनार, बर्थडे पार्टी आदि विभिन्न पार्टीहरु साथै खान, बस्नको राम्रो सुविधा रहेको छ ।
हलको क्षमता:
१,००० जना- १ वटा ५०० जना-१ वटा, २०० जना- १ वटा १०० जना- १ वटा ५० जना - १ वटा र अन्य मिटिङ हलहरु
साथमा सुविधा सम्पन्न होटल र रेष्टुरेण्ट पनि
अग्रीम बुकिङको लागि:
फोन नं.: ०६१-५३९१०६, ९८५६०२११६८, ९८५६०३४९१९, ९८५६०२१३७७
पार्किङको राम्रो सुविधा

फिल्मी संसार
QFX cinemas
POKHARA CINEPLEX
पोखराको पहिलो सुविधा सम्पन्न सिनेमा हल
NOW SHOWING



AMAZING DEAL EVERY WEDNESDAY
Only at Rs. 150 Per Ticket
Saaho (PG)-12:00PM, 18:45PM, Chhichhore (PG) - 12:15PM, 15:15PM, 18:30PM, Password (PG)- 15:45PM
061-522630/647 www.cineplex.qfxcinemas.com http://pokharacineplex.com Facebook Pokharacineplex

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

528009
खानेपानी चाहिएमा



पोखरा ९ बसपार्कमा रहेको जिल्ला ट्राफिक कार्यालय कास्की परिसरमा राखिएका मोटरसाइकल । ट्राफिकले कारबाही नियन्त्रणमा लिएका मोटरसाइकलहरु यसरी राखिँदा सर्वसाधारणमा डेंगुको त्रास बढेको छ । बसपार्क क्षेत्रका केही सर्वसाधारणसहित ट्राफिक प्रहरीसमेत डेंगुबाट संक्रमित भएका छन् । *तस्बिर : सुदर्शन रञ्जित*

# स्थानीयकै लगानीमा पार्क

**मोहसिन अली मियाँ**
गोरखा, ३१ भदौ



केही सामाजिक अभियान्ताको सक्रियतामा गोरखा सदरमुकाममा पार्क बनेको छ । गोरखा नगरपालिका ६ तीनधारेका डा. राजुवाबु श्रेष्ठ र रञ्जितकुमार श्रेष्ठको पहलमा खोपी धारा पार्क निर्माण भएको हो । सामाजिक सञ्जालमा आर्थिक संकलन अभियान चलाएर उनीहरुले पार्क निर्माण गरेका हुन् । १० लाख ५९ हजार ४ सय लागतमा पार्क निर्माण भएको हो ।

सहरीकरणसँगै सार्वजानिक स्थल अतिक्रमण हुँदै गएपछि पार्क, चौतारा लोप हुने खतरा बढिरहेका बेला उनीहरुले खोपी धारामा रहेको जमिनमा पार्क बनाएका हुन् । 'वर्षौदेखि खाली जग्गालाई सदुपयोगमात्रै गरेका हौं,' राजुबाबु श्रेष्ठले भने, 'यसले सुन्दरता पनि कायम गर्ने र पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुग्ने हाम्रो विश्वास छ ।'

केही महिनादेखि सामाजिक सञ्जालमार्फत अभियान चलाएर देश विदेशमा रहेका युवाबाट रकम संलकन गरिएको थियो । पार्क बनाउन गोरखा नगरपालिकाले २ लाख सहयोग गरेको छ । 'जब मैले पार्क बनाउने योजना फेसबुकमार्फत साथीहरुलाई बताएँ', रञ्जितकुमार श्रेष्ठले भने, 'देश तथा विदेशमा भएका आफन्त, साथीभाई र शुभचिन्तकले सहयोग गर्ने आवश्वासन दिनु भयो ।'

पार्कमा किरियापुत्री घर, उनीहरुका लागि सुविधा सम्पन्न शौचालय, सर्वसाधारणका लागि व्यायमशाला र विश्राम स्थल छन् । पार्कमा उच्च रक्तचाप भएकाहरुलाई व्यायाम गर्ने स्थानसमेत बनाइएको छ । पार्कभित्रै रहेको विद्युत ट्रान्समिटरले जोखिम हुनसक्ने भएकाले हटाउन नेपाल विद्युत प्राधिकरणलाई उनीहरुले आग्रह गरेका थिए । पटक पटक आग्रह गर्दा समेत अटेरी गरेको उनीहरुले दुखेसो गरे ।

पार्क सोमबार गोरखा नगरपालिकाका प्रमुख राजनराज पन्तले उद्घाटन गरे । पन्तले सामाजिक काम पैसा र क्षमतामात्रै भएर सम्भव नहुने उल्लेख गरे । 'सामाजिक काम पैसा र क्षमताले मात्रै हुँदैन । सबैभन्दा पहिला इच्छाशक्ति हुनुपर्‍यो', उनले भने, 'जबसम्म हामीमा सकरात्मक सोच हुँदैन, जतिसुकै पैसा र क्षमता पनि काम लाग्दैन ।'

वडा नम्बर ६ का अध्यक्ष नारायण अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा गोरखाका एसपी ओमप्रसाद अधिकारीले पनि बोलेका थिए ।

## कांग्रेस जागरणमा संवाद

पोखरा, ३१ भदौ (समाधान) - नेपाली कांग्रेस कास्कीको जागरण अभियानमा महिला संवाद चलेको छ । कास्की क्षेत्र नं १ (ख) मा महिला संवाद कार्यक्रम सञ्चालन भएको संघकी सभापति माया बरालले जानकारी दिइन् ।

नेपाल महिला संघ पोखरा महानगरपालिका समितिले आयोजना गरेको सभामा केन्द्रीय प्रतिनिधि सरीता गुरुङले हिम्मत र आँटका साथ महिला राजनीतिमा आउनुपर्ने बताइन् । नेतृ गुरुङले कांग्रेसले वितगदेखि नै महिलालाई प्राथमिकता दिए पनि सोचे अनुरुप प्रतिफल प्राप्त हुन नसकेको उल्लेख गरिन् ।

कार्यक्रममा क्षेत्रीय सभापति बृजमान गुरुङ, महासमिति सदस्य कोपिला रानाभाट, कृष्ण कार्की, १(ख) सभापति कृष्ण कोइराला, नेतृ सरस्वती गुरुङ, नेपाल महिला संघकी केन्द्रीय सदस्य तारा अधिकारी, जिल्ला सदस्य नवीन सिग्देल, अनिता तिमिल्सिना, मादी गाउँपालिका संयोजक देवीजंग गुरुङ, पोखरा ९ की सभापति उमा ठकुरी, नेतृ सविता बराल लगायतले बोलेका थिए । महिला संघकी उपसभापति गोमा सुवेदीले स्वागत गर्दै घरघरमा वर्तमान सरकारले गरेको जनविरोधी गतिविधि पर्दाफास गर्न महिला सक्षम भएमात्र देशले परिवर्तन गर्न सक्ने धारणा राखेकी क्षेत्रीय सचिव रामकुमारी पौडेलले जानकारी दिइन् ।

जागरण सभा अर्न्तगत क्षेत्र नं १ (क) अन्तर्गत पोखरा २७ मा युवा संवाद कार्यक्रम भएको छ । कार्यक्रममा केन्द्रीय प्रतिनिधि ऋषिकेश तिवारीले युवा नै देशको मुख्य शक्ति भएकाले जिम्मेवार बन्न सक्नु पर्नेमा जोड दिए । संवाद सभामा कांग्रेस केन्द्रीय सदस्य जीवन परियारले दोस्रो चरणको जागरणले कांग्रेस कस्तो र कसरी बलियो बनाउने विषयमा केन्द्रित बन्दै आएको बताए । नेता परियारले कांग्रेस र कम्युनिस्टबीचको फरक युवालाई बुझाउँदै अध्ययनशील बन्न कांग्रेसी युवालाई अनुरोध गरे । संवादमा पूर्व मन्त्री यज्ञबहादुर थापा, युवा नेता सागर गुरुङ, क्षेत्रीय सचिव प्रेमकुमार श्रेष्ठ लगायतले बोलेका थिए ।

वडा कार्यसमिति पोखरा २७ का सभापति जगबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष पूर्णकुमार गुरुङले स्वागत र सचिव विश्व पौडेलले सञ्चालन गरेका थिए ।

# '१ विद्यार्थी, १ फलफूलको बिरुवा' प्रभावकारी

**वासुदेव पौडेल**
पोखरा, ३१ भदौ

कृषि पेसाप्रतिको अनिच्छाका कारण देशका विभिन्न भागमा जग्गा बाँझिएका अवस्थामा कास्कीको अन्नपूर्ण गाउँपालिकाले भने '१ विद्यार्थी १ फलफूल' को बिरुवा कार्यक्रमलाई अघि सारेको छ । बाँझिएका जग्गामा किसानलाई फलफूलका बिरुवा लगाउन अभिप्रेरित गर्दै स्थानीयलाई आयआर्जनसँग जोड्न बिरुवा वितरण गर्न लागिएको हो ।

भौगोलिक अवस्थिति एवं स्थानीयको मागअनुसार फलफूलका बिरुवा वितरण गर्न लागिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले जानकारी दिए । उनका अनुसार निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीतिअनुरुप प्रत्येक वडा एवं स्थानमा कृषि उपजको सम्भाव्यता पहिचानका लागि अघिल्लो वर्ष गाउँपालिकाका ११ वटै वडाका ७ सय २ स्थानको माटो परीक्षण गरिएको थियो । गाउँपालिकाका सबै वडामा कृषि र पशुपालनको पकेट क्षेत्र तोक्ने नीति गाउँपालिकाले लिएको जानकारी दिँदै कुँवरले माटो परीक्षणबाट प्राप्त परिणामका आधारमा खेती गर्ने प्रणालीको विकास गर्न लागिएको बताए ।

माटो परीक्षणसँगै सम्भावित कृषि उपजबारे प्राविधिक समेतको सल्लाहमा कृषि उत्पादनका कार्यक्रमलाई गाउँपालिकाले प्राथमिकतामा राखेको कुँवरले बताए । स्थानीय रैथाने जातका बाली तथा बिरुवाको पहिचान गरी तथ्यांक संकलन तथा प्रवर्द्धन गर्ने लक्ष्य लिएको गाउँपालिकाले बाँझो खेतलाई प्रयोग गर्ने नीति अवलम्बन गरेको छ । भूमि बैंक खडा गरी कम्तीमा २० वर्षका लागि जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न गाउँपालिकामार्फत प्रस्ताव आह्वान गर्ने तयारीसमेत गरिएको छ ।

चालु आर्थिक वर्षमा अन्नपूर्ण ८ मा व्यक्तिगत स्वामित्वमा रहेको ११ रोपनी क्षेत्रफलको जग्गामा उक्त व्यक्तिसँगको सहकार्यमा नमुना योजनाका रुपमा एभोकाडोको बिरुवा लगाउने तयारी गरिएको

> **भूमि बैंक खडा गरी कम्तीमा २० वर्षका लागि जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न गाउँपालिकामार्फत प्रस्ताव आह्वानको तयारी**

प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलले जानकारी दिए । व्यावसायिक कृषिप्रति स्थानीयलाई आकर्षित गर्दै फलफूलका बिरुवा वितरण गर्ने र त्यसबाट स्थानीयको आयआर्जन वृद्धि गर्ने लक्ष्यअनुरुप गाउँपालिकाले चालु आवमा विभिन्न जातका बिरुवा वितरण गर्ने तयारी गरेको छ ।

'गाउँपालिकाले आफ्नै नर्सरी तयार गरी त्यहाँबाट किसानलाई निशुल्क फलफूलका बिरुवा वितरण गर्ने योजना बनाएको छ', उनले भन, 'चालू आवमा गाउँपालिकामा ३० हजार सुन कागतीका बिरुवा वितरण गर्ने गरी बिरुवा तयार गर्न लागिएको छ ।' गाउँपालिकाले यसै आवमा ६ हजार लप्सी, १०/१० हजार सुन्तला, अम्बा, लप्सी र दालचिनीका बिरुवा वितरण गर्ने तयारी गरेको छ ।

४ सय १७ दशमलब ७४ वर्ग किमी क्षेत्रफलमा फैलिएको गाउँपालिकामा पहाडी एवं हिमाली हावापानी पाइन्छ । साबिकका ढिकुरपोखरी, भदौरेतमागी (१ र २), सल्यान, लुम्ले, दाङसिङ र घान्द्रुक गाविस मिलेर बनेको यो गाउँपालिका हाल ११ वडामा विभाजित छ । कृषिजन्य उपजको सम्भाव्यता अध्ययनका क्रममा गरिएको माटो परीक्षणबाट माटोमा रहेको अम्लीयपनको अवस्था हेरी ५ सय ४५ टन कृषिचुन वितरण गरिएको पौडेलले जानकारी दिए ।

विविधतायुक्त भौगोलिक अवस्थिति रहेका कारण स्थान अनुसारका फलफूल एवं अन्य कृषि उत्पादन अघि बढाउने हो भने स्थानीयको आयआर्जनका धेरै सम्भावना रहेको कृषि प्राविधिक बताउँछन् । हिमाली एवं पहाडी दृश्यावलोकनका साथै पदयात्रा पर्यटनको आकर्षक गन्तव्य यस गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादन एवं फलफूलको बजारीकरणमा समस्या नहुने कृषि शाखा प्रमुख शशीकुमार सिंहले बताए । नौडाँडा, काँडे, नयाँपुल, वीरेठाँटी र स्याउली बजार यस गाउँपालिकाको मुख्य बजार क्षेत्र हो । मुख्य पर्यटकीय क्षेत्रमा अन्नपूर्ण आधार शिविर, माछापुच्छ्रे आधार शिविर, घोडेपानी, घान्द्रुक, पन्चासेलगायत पर्यटकीय स्थलका कारण पनि यो गाउँपालिका पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

पर्यटकीय सम्भाव्यता समेतलाई दृष्टिगत गरी व्यावसायिक कृषिका माध्यमबाट स्थानीयको जीवनस्तर उठाउने सोचका साथ फलफूलका बिरुवा वितरण र कृषिजन्य उत्पादनलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राखिएको कृषि शाखा प्रमुख सिंहको भनाइ छ । रासस

## माछापुच्छ्रेमा कांग्रेस जागरण

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

नेपाली कांग्रेसको दोस्रो चरणको जागरण अभियान अन्तर्गत माछापुच्छ्रे गाउँपालिका २ मा क्रियाशील सदस्य वितरण तथा अन्तर्क्रिया भएको छ । हिमाल पहाड तराई-मधेश नेपाली कांग्रेसको राष्ट्रिय जागरण अभियान अन्तर्गत दोस्रो चरणको कार्यक्रममा माछापुच्छ्रे गाउँपालिकामा जागरण अभियानको कार्यक्रम सञ्चालन गरिएको हो । भदौ २४ देखि सुरु भएको दोस्रो चरणको जागरण अभियान असोज ७ गतेसम्म १५ दिन चल्ने छ । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी ५५ जान नेपाली कांग्रेसमा प्रवेश गरेका थिए ।

कार्यक्रममा प्रमुख वक्ता कांग्रेस नेता शुक्रराज शर्माले पहिलो चरणको अभियानले पाटीमा उत्साह थपेको बताउँदै पार्टीलाई मजवुद बनाउन दोस्रो चरणको अभियान कोषेढुंगा सावित हुने बताए । कार्यक्रममा नेपाली कांग्रेस कास्कीका कार्यवहाक सभापति आइबहादुर गुरुङ, क्षेत्र नं. ३ का सभापति पोषनाथ शर्मा, महासमिति सदस्य बाबुराम आचार्य, हरिमाया गुरुङ, महाधिवेशन प्रतिनिधि देवेन्द्रकुमार शेरचन, मन विक, तरुण दल कास्कीका अध्यक्ष मनोज गुरुङ, प्रदेश सभा क्षेत्र नं. ३ (१) का सभापति कमलबहादुर गुरुङ, जिल्ला सदस्य आसबहादुर गुरुङ, महिला नेत्र टेकनशोभा गुरुङ, माधव आचार्य, विपुल शर्मा लगायतले बोलेका थिए ।

नेपाली कांग्रेस माछापुच्छ्रे गाउँपालिका २ का कार्यवहाक सभापति पानबहादुर तामाङको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य गणेश आचार्यले स्वागत र सचिव छविलाल गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए ।

## २० वर्षपछि थुनिए

स्याङ्जा, ३१ भदौ (समाधान)
२० वर्ष अघि सजाय सुनाइएका फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । सवारी ज्यान मुद्दामा जिल्ला अदालत धादिङले ४ वर्ष ८ महिना १६ दिन कैद र ४ हजार ५ सय जरिवाना तोकेको थियो । २०५६ साल मंसिर २६ गते सजायदेखि फरार प्रतिवादी बिरुवा गाउँपालिका १ का ५२ वर्षीय मीनबहादुर रेग्मीलाई पोखराबाट पक्राउ गरिएको प्रनाउ नवीनकृष्ण भण्डारीले जानकारी दिए । प्रहरी पक्राउ गरी स्याङ्जा जिल्ला अदालतमा पेस गरिएकोमा सजाय भुक्तानका लागि जिल्ला कारागार चलान गरिएको छ ।

## मनकामनालाई चन्द्रबहादुरको सहयोग

पोखरा, ३१ भदौ (समाधान) - नदीपुर निवासी पुन समाज पोखराका पूर्व अध्यक्ष मेजर चन्द्रबहादुर पहरे पुनले मनकामना आवासीय विद्यालय फूलबारीमा सहयोग गरेका छन् ।

जन्म दिनको अवसरमा मनकामना स्कुलमा अध्ययनरत विद्यार्थीलाई मीठाई वितरण गर्दै विद्यालयका सबै विद्यार्थीलाई व्यक्तिगत तर्फबाट विद्यालय पोसाक सहयोग गर्ने घोषणा गरे । विद्यालयका प्रअ रामचन्द्र पौडेलले चन्द्रबहादुरको सहयोगले विद्यालयमा अध्ययन गर्ने विद्यार्थी खुसी भएको बताए ।

## लक्ष्मी माविमा पदस्थापन

लेखनाथ, ३१ भदौ (समाधान) - पोखरा २६ अर्घौस्थित लक्ष्मी माध्यामिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको पदस्थापन भएको छ । रामकृष्ण जिसीको अध्यक्षतामा गठित समिति सदस्यमा खेमराज ढुंगाना, देवु आचार्य, छलि कुँवर सुवेदी, शर्मिला विक, हरिप्रिया पौडेल, विश्वप्रकाश बराल छन् । विद्यालयका तर्फबाट शिक्षक प्रतिनिधिमा विश्वनाथ ढुंगाना र सदस्य सचिवमा जगन्नाथ अधिकारी छन् । कार्यक्रममा पोखरा २६ का अध्यक्ष नारायणप्रसाद बराल, प्रधानाध्यापक जगन्नाथ अधिकारी, शिक्षक अभिभावक संघका अध्यक्ष तारानाथ पौडेल र सूचना अधिकारी ठाकुरप्रसाद घिमिरे लगायतले बोलेका थिए ।



लोटस युनिफर्म

स्कुल, कलेज, अस्पताल, होटल, रेष्टुरेन्ट तथा संघ संस्थाहरुको लागि युनिफर्म तयार गरिन्छ । साथै स्कुल स्वेटर, कोट, दौरासुरुवाल र सर्टिङ सुटिङ पनि उपलब्ध छन् ।

फोन नं.: ०६१-५४१३८२, पोखरा-९, नयाँबजार

lotus uniform@gmail.com

समाधान

आर्थिक






## तनहुँ जलविद्युत् आयोजना

# ४४ प्रतिशत वित्तीय प्रगति

**समाधान संवाददाता**
दमौली, ३१ भदौ

१४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाले एक वर्षको अवधिमा ४४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । आयोजनाका लागि आर्थिक वर्ष ०७५/७६ मा विनियोजित ५ अर्बमध्ये २ अर्ब २२ करोड ९२ लाख ८२ हजार मात्रै खर्च भएको छ ।

आयोजनाको पूँजीगततर्फ विनियोजित रकममध्ये २ अर्ब ७७ करोड ७ लाख १८ हजार खर्च हुन नसकेको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्धक रमेशमान श्रेष्ठले जानकारी दिए । श्रेष्ठका अनुसार भौतिकतर्फ आयोजनाले ७९.६८ प्रतिशत प्रगति हासिल गरेको छ । आयोजनाले गत वर्ष कार्यालय भवन तथा आवास निर्माण गरेको थियो । उक्त भवन गत वर्षको फागुनमा निर्माण सम्पन्न भएको थियो । ३७ करोडको लागतमा रिसिङ गाउँपालिका-१ झापुटारमा २ कार्यालय भवनसहित ३३ आवासगृह निर्माण गरिएको छ । आवास क्षेत्रमा आयोजनाका विभिन्न तहका कर्मचारीलाई छुट्टाछुट्टै भवन निर्माण गरिएको छ । आयोजनाका लागि ९१ कर्मचारी स्वीकृत भए पनि हाल ८१ कर्मचारी कार्यरत छन् ।

आयोजनाका लागि आवश्यक क्याम्प तथा विद्युत्गृहको पहुँचमार्ग निर्माणका लागि १५० रोपनी क्षेत्रफल जग्गा अधिग्रहण गरिएको छ । बाँधस्थलको पहुँचमार्गका लागि ५० रोपनी र जलाशय क्षेत्रका लागि १ हजार २३० रोपनी जग्गा अधिग्रहण भइसकेको आयोजनाले जनाएको छ । बाँधस्थलको पहुँचमार्गका लागि थप १० र जलाशय क्षेत्रका लागि थप ५ प्रतिशत जग्गा अधिग्रहण गर्न बाँकी छ ।

आयोजनाले २०७४ मङ्सिरमा चापाघाटदेखि पक्की पुल र क्याम्प एवं विद्युत् गृहसम्म पहुँच मार्ग, २०७४ पुषमा कन्स्ट्रक्सन पावर सवस्टेशन र २०७२ असारमा सेतीनदीमा पक्की पुल निर्माण सम्पन्न गरिसकेको छ ।

आयोजनाको पहिलो प्याकेज अन्तर्गतको ठेक्का पाएको सिएमसीसँग ठेक्का रद्द भएर पुन बोलपत्र आह्वान भएपछि अहिले बोलपत्र मूल्यांकन गर्ने काम भइरहेको आयोजनाले जनाएको छ । प्रबन्धक श्रेष्ठका अनुसार बाँधलगायतका पहिलो प्याकेजका संरचना निर्माणका लागि आयोजनाले पुनः बोलपत्र आह्वान गरेको थियो ।

> सिनो हाइड्रोले आयोजनाको पहुँचमार्गसम्म पुग्न एक हजार १०० मिटर ट्र्याक खोलिसकेको छ भने ४०० मिटर ट्र्याक खोल्न बाँकी छ ।

त्यसका लागि १९ कम्पनीले चासो देखाए पनि चार कम्पनीले बोलपत्र पेश गरेका छन् ।

श्रेष्ठका अनुसार चाइना गेजुवा ग्रुप कम्पनी लिमिटेड चाइना, सिनो हाइड्रो कर्पोरेसन लिमिटेड चाइना, चाइना नेशनल इलेक्ट्रिक इञ्जिनयिरिङ कर्पोरेसन लिमिटेड र सोङ डा कर्पोरेसन भियतनाम/कालिका कन्ट्रक्सन/नेपाल जेभीले पेश गरेको बोलपत्रको मूल्यांकन गर्ने काम भइरहेको छ ।

श्रेष्ठका अनुसार कम्पनीले पेश गरेको प्राविधिक बोलपत्रको मूल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही कम्पनीको मात्रै वित्तीय प्रस्ताव खोलिनेछ । 'प्राविधिक बोलपत्रको मूल्यांकन सम्पन्न गरी सहमतिका लागि एडिबीमा पठाउने अन्तिम तयारी गरेका छौं," उनले भने, 'एडिबीबाट सहमति आएपछि वित्तीय प्रस्ताव खोल्नेछौं ।'

कात्तिकको दोस्रो साता (अक्टोवर २०१९) भित्रमा ठेक्का सम्झौता गर्ने र पुसको दोस्रो साता (डिसेम्बर २०१९) भित्रमा आयोजनास्थलमा निर्माण व्यववसायी कम्पनी परिचालन गर्ने तयारी थालिएको छ । पहिलो संरचना निर्माणका लागि इटालियन कम्पनी सिएमसीसँग भएको ठेक्का सम्झौता रद्द गरिएपछि तनहुँ हाइड्रोपावरले गत वैशाख १२ गते पुनः अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो ।

निर्माण व्यवसायी कम्पनीले आयोजनाको १ सय ४० मिटर अग्लो कंक्रिट बाँध, नदी फर्काउने दुईवटा सुरुङ, अस्थायी बाँध लगायतका संरचना निर्माण गर्नेछ । पहिलो प्याकेजको संरचना निर्माणका लागि दातृ निकाय एशियाली विकास बैंक (एडिबी) र युरोपेली लगानी बैक (इआइबी)को सहुलितपूर्ण ऋण परिचालन हुनेछ ।

आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका दोस्रो प्याकेजका लागि सिनो हाइड्रोकर्पोरेसन लिमिटेडले आयोजनस्थलमा काम गरिरहेको छ । सिनो हाइड्रोले अहिले आयोजनास्थलमा कार्यालय भवन, श्रमिक आवास गृहलगायतका संरचना निर्माण, आयोजनाको प्रवेश मार्ग र अन्य संरचनाको सर्वेक्षण, डिजाइन र निर्माण गरिरहेको आयोजनाका साइट इन्चार्ज विदुर अधिकारीले जानकारी दिए ।

सिनो हाइड्रोले आयोजनाको पहुँचमार्गसम्म पुग्न एक हजार १०० मिटर ट्र्याक खोलिसकेको छ भने ४०० मिटर ट्र्याक खोल्न बाँकी छ । आयोजनाको तेस्रो प्याकेज अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारणलाइन निर्माणका लागि भारतीय कम्पनी केइसीसँग ठेक्का सम्झौता भइसकेको छ । कम्पनी आयोजनास्थलमा परिचालन भई प्रसारण लाइनको चेक सर्वे गरिरहेको छ । आयोजनाका लागि १४० मिटर बाँध, एक हजार १६२ मिटर र ७४ मिटर को मुख्य सुरुङ, ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ४४ मिटर उचाइ भएको भूमिगत विद्युत्गृह निर्माण गरिनेछ । खुद उचाइ १२१ मिटर रहने आयोजनाबाट सुक्खायामा १७८.९० मेगावाट र वर्षायाममा ३२३.६८ मेगावाट ऊर्जा उत्पादन गर्नेछ ।

आयोजनाको कुल लागत अमेरिकी डलर ५० करोड ५० लाख (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) रहेको छ । यसमध्ये एडिबीले रु १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका) ले १८ करोड ४० लाख, इआईबीले ८ करोड ५० लाख र नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणले रु आठ करोड ७० लाख अमेरिकी डलर ब्यर्होने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

आयोजनाको विद्युतगृह निर्माणका लागि २८८ मिलियन डलर, प्रशारणलाइन तथा सवस्टेशन निर्माणका लागि १५ मिलियन डलर, ग्रामीण विद्युतीकरणका लागि आठ मिलियन डलर, जग्गा प्राप्ति तथा पुनःस्थापनाका लागि ३० मिलियन डलर, वातावरण व्यवस्थापनका लागि २१ मिलियन डलर, पूर्वाधार निर्माण तथा भन्सार एवं कर प्रयोजनका लागि ४६ मिलियन डलर, आयोजना व्यवस्थापन तथा सामुदायिक कार्यक्रमका लागि २५ मिलियन डलर खर्च हुने अनुमान छ ।

यसको लागि सम्बन्धित दातृ निकाय र नेपाल सरकारबीच ऋण सम्झौता तथा नेपाल सरकार र प्राधिकरण एवं प्राधिकरण र यस कम्पनीबीच सहायक ऋण सम्झौता सम्पन्न भइसकेका छन् । आयोजनाको समग्र निर्माण २०८१ को असार दोस्रो साताभित्र (जुन २०२४) सम्पन्न गर्ने लक्ष्य छ ।

# सामुदायिक वनमा तेहोरो कर

**समाधान संवाददाता**
काठमाडौं, ३१ भदौ

सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (फेकोफन) ले सामुदायिक वनको स्वायत्ततामाथि हस्तक्षेप गरी संघ, प्रदेश र स्थानीय तहका सरकारले तेहोरो कर लगाएको भन्दै त्यसको विरोध गरेको छ ।

विगतदेखि सामुदायिक वन उपभोक्ता समूहले नेपाल सरकारलाई १५ प्रतिशत वन पैदावार शुल्क तिर्दै आएका छन् । त्यसबाहेक हाल विभिन्न तहका सरकारले सामुदायिक वनबाट थप कर उठाउने कानुन तर्जुमा गरेपछि फेकोफनले त्यसको विरोध गर्नुपरेको जनाएको छ । फेकोफनको राष्ट्रिय कार्यसमितिको जुम्लामा यही भदौ २० र २१ गते बसेको तेस्रो बैठकले तेहोरो कर विरुद्ध आन्दोलन गर्ने निर्णय गरेको अध्यक्ष भारती पाठकले जानकारी गराए ।

संघीय सरकारले साल र खयरको बिक्रीबाट प्राप्त रकमको १५, स्थानीय सरकारले वन पैदावार बिक्रीबाट प्राप्त रकमको १०, प्रदेश नं १ को सरकारबाट साल र खयर बाहेकका वन पैदावारको बिक्रीमा थप १५ प्रतिशत कर लगाइएको उनले बताए ।

प्रदेश नं ३ को सरकारले वन पैदावार बिक्रीको १० र सेवा शुल्क शून्य दशमलव २५, मूल्य अभिवृद्धि कर १३, आयकर ऐन बमोजिम उपभोक्ता समूहको बचत रकममा २५ प्रतिशत आयकर लगाइँदै आएको फेकोफनको जनाएको छ ।

सामुदायिक वन उपभोक्ता समूहले आफ्नो आम्दानीको २५ प्रतिशत वन व्यवस्थापनमा, ३५ प्रतिशत विपन्न वर्गको जीविकोपार्जनमा र ४० प्रतिशत सामुदायिक विकासमा खर्च गर्ने गरेका छन् । अध्यक्ष पाठकले भने, 'विगतदेखि सामुदायिक वनले संघीय सरकारलाई तिर्दै आएको १५ प्रतिशत कर प्राकृतिक स्रोतवित्त आयोगमार्फत तीनै तहमा वितरण गर्न र अहिले प्रस्ताव गरिएका कर खारेज गर्न पटक-पटक माग गरे पनि कुनै सुनुवाइ नगरी जबर्जस्ती करको भार थोपर्दै गएकाले विरोध गर्नुपरेको हो ।'

यसबाहेक फेकोफनले वैज्ञानिक वन व्यवस्थापनको अपारदर्शी तथा अवस्तुवादी क्रियाकलाप रोकी सामुदायिक वनको कार्ययोजना अनुसार दिगो व्यवस्थापनलाई प्रबर्द्धन हुनेगरी वन व्यवस्थापन पद्धति अगाडि बढाउन माग गरेको छ । राष्ट्रपति चुरे तराई-मधेस विकास समितिले वार्षिक अर्बौ रकम खर्च गरिरहेको र त्यसबाट कुनै पनि प्रतिफल नदेखिएको भन्दै फेकोफनले समिति खारेज गर्न माग गरेको छ । संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रका जनता अहिले वनबाट पात टिप्न पनि वञ्चित रहेकाले मध्यवर्ती क्षेत्रका जनताको हकको सुरक्षा गर्न तथा सामुदायिकसरह वन व्यवस्थापन गर्ने अधिकार प्रदान गर्न माग गरिएको फेकोफनका महासचिव वृषबहादुर शाहीले बताए ।

समुदायलाई अधिकार सम्पन्न गराउनुको साटो सरकारले थप संरक्षण क्षेत्र घोषणा गरेर समुदायको अधिकार खोस्न खोजेको भन्दै फेकोफनले संरक्षण क्षेत्र विस्तार गर्ने कार्य बन्द गर्न र हस्तान्तरण नभएको वन क्षेत्र सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तण गर्न माग गरेको छ ।

समूहलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउन, जथाभावी निर्माण भइरहेका सडक पूर्वाधार अविलम्ब रोकी हरित सडक निर्माण गर्दै भूक्षय नियन्त्रण गर्न बायो-इन्जिनीयरिङ कार्यक्रम सञ्चालनका लागि आह्वान गरिएको महासचिव शाहीले जानकारी दिए । फेकोफनले पत्रकार सम्मेलन, भेला, बैठक, भित्ते लेखन, ज्ञापनपत्र बुझाउने, विरोधसभा, सामुदायिक वनबाट रुख नकाट्ने लगायतका विरोध कार्यक्रम घोषणा गरेको छ ।

# दुर्घटना घटाउन प्रशिक्षण

**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन निजी तथा आवासीय विद्यालय इकाइ समितिले सवारी दुर्घटना न्यूनीकरणका लागि यातायात मजदुरलाई प्रशिक्षण दिएको छ । पोखरा महानगरपालिका वडा नम्बर १६ का अध्यक्ष जीवनप्रसाद आचार्यले आफैंले आफैंलाई जिम्मेवार र जवाफदेही बनाउन यातायात मजदुर संगठनले सकारात्मक कार्यक्रम गरेको बताए ।
संगठनका केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश इन्चार्ज कर्णसिं गुरुङले संगठनको 'म जिम्मेवार यातायात मजदुरको अभियान' प्रभावकारी भएको धारणा राखे ।
यातायात मजदुरको पक्षमा संगठनले महत्वपूर्ण भूमिका खेलेको चर्चा गर्दै उपाध्यक्ष गुरुङले सवारी दुर्घटनालाई रोक्न र ट्राफिक व्यवस्थापनका लागि यातायात मजदुरलार्य सक्रियतापूर्वक लाग्न आग्रह गरे ।
कार्यक्रममा कास्कीका ट्राफिक प्रहरी सहायक निरीक्षक लोकराज भण्डारीले ट्राफिकको व्यवस्थापन र सवारी दुर्घटना न्यूनीकरणमा यातायात मजदुरको महत्वपूर्ण भूमिका रहने बताए ।
प्रशिक्षणमा जिल्ला समन्वय समिति कास्की सदस्य गुमादेवी गौतम अधिकारी, वडा नम्बर १६ का सदस्य विष्णुदेवी नेपाली, वडा नम्बर १९ का सदस्य कोपिला केसी, संगठनका प्रदेश सदस्य तथा इकाइ इन्चार्ज दीपक रोकामगर, निजी तथा आवासीय इकाइ अध्यक्ष रुद्रमान प्रधान, सचिव कृष्णप्रसाद बास्तोला, यातायात मजदुरका नेता बाबरराम राना लगायतले 'म जिम्मेवार यातायात मजदुर अभियान' अन्तर्गत १ वर्षमा ४८ हजार मजदुरलाई प्रशिक्षण दिइने बताए ।

## आमा मिलन सहकारीमा कृष्ण



पोखरा, ३१ भदौ (समाधान) - आमा मिलन सहकारीको ९ औं वार्षिक साधारणसभा तथा ५ औं अधिवेशनले कृष्णबहादुर थापा क्षेत्रीको अध्यक्षतामा सर्वसम्मत नयाँ सञ्चालक समिति चुनेको छ । समितिको उपाध्यक्ष खुमा लम्साल, सचिव रामकुमार घिमिरे र कोषाध्यक्ष गोविन्द तुलाचन छन् ।

समितिमा कमला श्रेष्ठ, तारा गिरी, चन्द्रीमाया शेरचन, लालुप्रसाद उपाध्याय र गंगा रिमाल सदस्य चुनिए । सल्लाहकार संयोजक इन्दिरा पौडेल, सदस्यहरु निर्मला घिमिरे, पृथ्वीराज तिमिल्सेना, लोकराज भण्डारी, सूर्यप्रसाद बराल, प्रेमराज पौडेल, हरिबहादुर भण्डारी, खडानन्द लामिछाने, टीकाराम पौडेल र कानुनी सल्लाहकारमा यामप्रसाद पौडेल छन् ।

निर्वाचनबाट लेखा समिति संयोजक श्यामबहादुर श्रेष्ठ र सदस्यद्वयमा हरिप्रसाद ढकाल र कल्पनादेवी बराल चुनिए । शिक्षा उपसमितिम संयोजक त्रिभुवन शर्मा, सदस्य दीपेन्द्र केसी र शेषबहादुर थापा छन् भने कर्जा उपसमिति संयोजक गोविन्द तुलाचन, सदस्य रामकुमार घिमिरे र ध्रुवराज पौडेल छन् । महिला विकास उपसमितिमा खुमा लम्साल संयोजक र गंगा रिमाल, चन्द्रीमाया शेरचन सदस्य चुनिए ।

संस्था विकास उपसमिति संयोजक कमला श्रेष्ठ र सदस्य अमरनाथ शर्मा छन् । सहकारीका अध्यक्ष कृष्णबहादुर थापा क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा सभामा ज्येष्ठ नागरिक धनकुमारी गुरुङ र मेघराज घिमिरे, नेपाल पत्रकार महासंघ स्याङ्जा अध्यक्ष ओमप्रकाश शर्मा, जानकी बाख्रापालन समूह अध्यक्ष रोकबहादुर गुरुङ, सेयर सदस्य यामप्रसाद पौडेल, अपिला ढकाल, दुर्गा थापा, संस्थापक अध्यक्ष इन्दिरा पौडेल, पूर्व अध्यक्ष पृथ्वीराज तिमिल्सीना शर्मा, उपाध्यक्ष निर्मला घिमिरे र सचिव ध्रुवराज पौडेलले बोलेका थिए ।

सहकारीले आगामी दिनमा सदस्य केन्द्रित योजना बनाँउदै निजी तथा सरकारी निकायसँगको समन्वय र सहकार्यमा जोड दिने प्रबन्धक निर्देशक ध्रुवराज पौडेलले बताए ।

## सञ्चय कोषको वार्षिकोत्सव

पोखरा, ३१ भदौ (समाधान) - गण्डकी प्रदेशका मुख्य सचिव हरिप्रसाद बस्यालले कर्मचारी सञ्चय कोषले आम नागरिकको रकमको सुरक्षाको प्रत्याभूति हुने गरी काम गर्नुपर्ने बताएका छन् । कर्मचारी सञ्चयकोष शाखा कार्यालय कास्कीले ५८ औं वार्षिकोत्सवको अवसरमा मंगलबार गरेको कार्यक्रममा उनले यस्तो बताएका हुन् । 'आफूले जीवनभरि मेहनत गरेर कमाएको रकम सही स्थानमा सञ्चय गर्न सकौं भन्ने आम नागरिकको चाहना हुन्छ,' उनले भने, 'कोषमा आफ्नो रकम असुरक्षित छ कि भन्ने भावना नागरिकको मनमा आउन दिनुहुन्न ।'

राज्यको समृद्धि तथा विकासका लागि कोषले अझै पनि योगदान दिने अपेक्षा उनले गरे । 'कर्मचारी सञ्चय कोषले राज्यको विकासका लागि महत्वपूर्ण भूमिका खेलेको छ । आगामी दिनमा पनि योगदान दिन्छ भन्ने अपेक्षा लिएको छु, ' उनले भने ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रमेश केसीले कोषले नागरिकले जम्मा गरेको रकम जोखिममा पर्न नदिने गरी काम गर्नुपर्नेमा जोड दिए । समय तथा प्रविधिसँगै कार्य प्रणाली परिर्वतन गर्न उनले सुझाव दिए । 'मुलुकमा संघीयतामा भइसकेकाले त्यही अनुरुप कोषले नागरिकलाई सुविधा दिनुपर्छ,' उनले भने ।

वार्षिकोत्सवमा भएका विभिन्न प्रतियोगितामा उत्कृष्ट कर्मचारीलाई पनि कार्यक्रममा सम्मान गरिएको छ । म्युजिकल चियर प्रतियोगितामा प्रथम, द्वियीय र तृतीय क्रमशः सोनिया तन्डुकार, यादवनाथ पण्डित र राजेन्द्र पोखरेल भए । घैंटो फुटाउने प्रतियोगितामा राजेन्द्र पोखरेल प्रथम भए ।

सञ्चय कोषका कास्की शाखा प्रमुख दिलीपराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष दीपेन्द्र श्रेष्ठ, ओम डेभलपमेन्ट बैंक कास्की सिइओ विश्वमोहन अधिकारी, कर्मचारी युनियन कास्की सचिव खिमलाल गौतम लगायतले बोलेका थिए ।

# १ महिनामा १६ हजार पर्यटक



**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

गण्डकी प्रदेश सरकारले पर्यटक आगमनको अभिलेख सार्वजनिक गरेको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत प्रदेशका २ नाका र विमानस्थलमा पर्यटकको संकलित अभिलेख सार्वजनिक गरिएको हो । पोखरा विमानस्थल, तनहुँको आँबुखैरेनी र स्याङ्जाको गल्याङ स्थित प्रहरी चौकीमार्फत तथ्यांक संकलन गरिएको छ ।

सन् २०१९ अगस्ट महिनाको संकलित तथ्यांकमा प्रदेशमा झन्डैं १६ हजार विदेशी पर्यटक भित्रिएको मन्त्रालयका सूचना अधिकारी शिव परियारले जानकारी दिए । 'अगस्टमा मात्रै प्रदेशमा भित्रिने पर्यटकको संख्या १५ हजार ८ सय ६२ छ,' उनले भने, 'जसमा भारतीय पर्यटकसहितको संख्या गणना गरेका छौं ।' उक्त अवधिमा भारतीय ५ हजार ५ सय १५ जना आए । तेस्रो मुलुकबाट प्रदेशमा आएका पर्यटकको संख्या भने १० हजार ३ सय ४७ छ ।

हवाई सेवाबाट भन्दा सडकमार्ग हुँदै आउनेको पर्यटक संख्या अधिक देखिएको छ । सो अवधिमा पोखरा विमानस्थलबाट ५ हजार १ सय १७ जना भित्रिएको अभिलेख छ । सडकमार्गमा पनि आँबुखैरेनी हुँदै प्रदेश भित्रिने पर्यटक ९ हजार ५ सय ३१ छन् । गल्याङ हुँदै भित्रिनेको संख्या १ हजार २ सय १४ जना रहेको सूचना अधिकारी परियारले जानकारी दिए । नवलपुर जिल्लामा प्रवेश गर्ने पर्यटकको संख्याको अभिलेख समावेश गरिएको छैन ।

**४० प्रतिशत भारतीय**

गण्डकी प्रदेशमा भित्रिने पर्यटककोमध्ये ४० प्रतिशत भारतीय रहेको पाइएको छ । गत आर्थिक वर्ष २०७५/७६ मा प्रदेशमा भित्रिएका २ लाख ९८ हजार पर्यटकमध्ये १ लाख २० हजार पर्यटक भारतीय रहेको सूचना अधिकारी परियारले जानकारी दिए । तेस्रो मुलुकका पर्यटकको संख्या भने १ लाख ७८ हजारमात्र छ ।

छिमेकी मुलुक भारतसँगको खुला सिमाना र सहज सवारी आवागमनले भारतीय पर्यटकको संख्या स्वभाविक रुपले बढी भएको पर्यटन व्यवसायी बताउँछन् । तेस्रो मुलुकका पर्यटकको आगमनले मात्रै पर्यटकीय गतिविधिमा बढोत्तरी हुने केही व्यवसायीको तर्क छ । तर, पर्यटकको बसाइँ अवधि लम्ब्याउन सके जुनसुकै मुलुकका पर्यटक आएपनि आर्थिक गतिविधि बढ्नेछ ।

गण्डकी प्रदेश सरकारले सन् २०१९ लाई आन्तरिक भ्रमण वर्ष, सन् २०२० लाई छिमेकी मुलुक भ्रमण वर्ष, सन् २०२१ लाई पूर्वाधार वर्ष र सन् २०२२ लाई गण्डकी भ्रमण वर्षको रुपमा मनाउने घोषणा गरेको छ ।

राष्ट्रिय पर्यटन भ्रमण वर्ष २०२० लाई व्यापक रुपमा मनाउन प्रदेशले भूमिका खेल्ने पर्यटन मन्त्री विकास लम्सालले बताए ।

'आन्तरिक तथा बाह्य पर्यटकलाई प्रदेशमा भित्र्याएर पर्यटनलाई प्रदेश समृद्धिको मूल आधार बनाउने लक्ष्य लिएका छौं,' उनले भने । प्रदेशमा भित्रिने पर्यटकको संख्या मासिक रुपमा सार्वजनिक गरिनेसमेत उनले जानकारी दिए । प्रदेशले घोषणा गरेका पर्यटनसम्बन्धी कार्यक्रम सञ्चालनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को भदौ २५ गते बसेको बैठकले 'पर्यटन वर्ष सन् २०१९-२०२० कार्यक्रम सञ्चालन कार्यविधि, २०७६' स्वीकृत गरेको छ ।

## वैदेशिक रोजगारी रोक्न सकिन्न : मन्त्री थापा

पोखरा, ३१ भदौ (समाधान) - गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापाले वैदेशिक रोजगारी पूर्ण रुपमा निषेध गर्न नसकिने बताएका छन् । मन्त्री थापाले वैदेशिक रोजगारी सुरक्षित र भरपर्दो बनाउनुपर्ने उल्लेख गरे ।

समता फाउन्डेसनले मंगलबार आयोजना गरेको वैदेशिक रोजगारीका समस्या तथा प्रदेश सरकारको भूमिका विषयक कार्यक्रममा मन्त्री थापाले वैदेशिक रोजगारीप्रति नेपालीको मोह बढ्दो र कतिपय अवस्थामा बाध्यता पनि रहेको धारणा राखे ।

'नेपालमा पर्याप्त रुपमा रोजगारी सिर्जना गर्न नसक्नुको दोषी राज्य हो,' मन्त्री थापाले भने, 'वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित लागि सुरक्षित बनाउनै पर्छ ।'

गण्डकी प्रदेशले मानव संशाधनको विकासका अलावा ५ लाखलाई रोजगारी सिर्जना गर्न लागेको जानकारी दिँदै मन्त्री थापाले प्रदेशका नागरिकलाई प्राविधिक र व्यावहारिक शिक्षा दिलाएर रोजगारी प्रवर्द्धन गर्ने योजना सुनाए । रोजगारीका अवसर सिर्जना गर्न १ पालिका १ उद्योग ग्रामको अवधारणा ल्याएको जानकारी दिँदै उनले कृषिमा आधारित र उत्पादनलाई बढावा दिने उद्योग खोल्ने जनाए । मन्त्री थापाले चुस्त, दुरुस्त र नागरिकमैत्री सेवा प्रवाह गर्ने घोषणा गरे ।

समता फाउन्डेसका अध्यक्ष प्रदीप परियारले नेपालको श्रम बजारमा वार्षिक ४ लाख ५० हजार प्रवेश गरेता पनि १० प्रतिशतले मात्र रोजगारी पाउने तथ्यांक सुनाए । कार्यक्रममा कास्कीका प्रहरी उपरीक्षक दानबहादुर कार्की, नेपाल बार एसोसियसनका उपाध्यक्ष सुरेन्द्र थापामगर, नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष दीपेन्द्र श्रेष्ठ, पोखरा महानगरपालिका वडा नम्बर १ का सदस्य प्रेमदेवी परियार, समता फाउन्डेसनका अनुसन्धानकर्ता गोपाल नेपाली लगायतले बोलेका थिए ।

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



# सहारा क्लबमा फेरि केशव



**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

सहारा क्लब पोखराको अध्यक्षमा केशवबहादुर थापा दोस्रो कार्यकालका लागि चयन भएका छन् । क्लबको सोमबार साँझ भएको २१ औं साधारणसभा तथा ११ औं अधिवेशनले थापाको अध्यक्षतामा २ वर्षे कार्यकालका लागि १३ सदस्यीय समिति सर्वसम्मत चयन गरेको हो ।

क्लबको वरिष्ठ उपाध्यक्षमा हरिराम गुरुङ, उपाध्यक्षमा विश्वराज बराल, महासचिवमा रामजीप्रसाद अधिकारी, सचिवमा सुनिल रानामगर, कोषाध्यक्षमा राजु लालचन र सहकोषाध्यक्षमा बिनु रानामगर चयन भए । सदस्यमा रोजिना गुरुङ, तीलकबहादुर अधिकारी, ज्योति केसी, सन्दीप सुवेदी, गंगाराज पौडेल र विष्णु कार्की निर्वाचित भएका छन् ।


## वितरक चाहियो

कास्की जिल्ला अन्तर्गत विभिन्न स्थानहरुका लागि वितरक चाहियो ।

**आवश्यक योग्यताहरू:**

- आर्थिक रुपमा सक्षम
- बजारमा सेवा दिन सक्ने
- सर-सामान राख्नको लागि पर्याप्त ठाउँ
- बजारमा सामान बिक्री वितरणको लागि गाडी भएको

इच्छुक व्यक्ति वा कम्पनीले उल्लेखित फोन नम्बर वा इमेलमा सम्पर्क गर्नुहोला ।

बालकृष्ण सिम्खडा ९८०११४२५८०
इमेल: balkrishna.simkhada@vbnpl.com.np

अच्युत कोईराला ९८०११४२५८३
इमेल: achyutkoirala123@gmail.com

वरुण बिभरेज नेपाल प्रा. लि., सिनामंगल, काठमाडौं, पो.ब.नं.: २९६८


# बिरौटामा खुल्यो किसान बजार



**समाधान संवाददाता**
पोखरा, ३१ भदौ

कृषि उत्पादन वृद्धि गर्ने र बजारको उचित व्यवस्थापन गर्ने लक्ष्यका साथ पोखरा महानगरपालिका १७ विरौटाचोकमा सोमबारदेखि किसान बजार सञ्चालनमा ल्याइएको छ ।

कृषि विकास कार्यालयको स्वामित्वमा रहेको र कृषि सामग्री संस्थान तथा खाद्य संस्थानले भोगचलन गर्दै आएको जग्गामा २४ वटा व्यापारिक कक्षसहित बजार सञ्चालनमा ल्याइएको हो । महानगरमा पहिलो पटक सञ्चालनमा ल्याइएको सो संरचना निर्माणका लागि पोखारा महानगरपालिकाले १० लाख उपलब्ध गराएको थियो । महानगर प्रमुख मानबहादुर जिसीले कृषि उत्पादन र बजारीकरणलाई जोडने लक्ष्यका साथ यस्तो बजार सञ्चालनमा ल्याइएको बताउँदै यसबाट उत्पादक र उपभोक्ता दुवै लाभान्वित हुने विश्वास व्यक्त गरे । बजारको भरपुर उपयोग गरी किसानलाई प्रोत्साहन प्रदान गर्न उपभोक्तालाई आग्रह गर्दै उनले प्रांगारिक उत्पादनमा जोड दिनुपर्ने धारणा व्यक्त गरे । महानगर कृषि तथा पशु विकास महाशाखाका प्रमुख मनोहर कडरियाले महानगरपालिकाका विभिन्न ५ स्थानमा बजार स्थापना गरिने योजना रहेको जानकारी दिँदै त्यसका लागि १ करोड विनियोजन गरिएको बताए ।

बिहान ६ देखि १० बजेसम्म सञ्चालनमा आउने उक्त बजारमा दूधजन्य पदार्थका साथै बिरुवा, तरकारी, खाद्यान्न लगायत ग्रामीण क्षेत्रमा उत्पादित सामान बिक्री वितरण गरिने बजार व्यवस्थापन समिति संयोजक चूडामणि बरालले जानकारी दिए ।


















**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **कार्यकारी सम्पादक** : भरत कोइराला, **सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com